# पूर्वाञ्चल विश्वविद्यालयको ऐतिहासिक पृष्ठभूमि


प्रकाशक

पूर्वाञ्चल विश्वविद्यालय

विराटनगर



फोन नं.: २-२१६५, २-८६३१

फ्याक्स: ९७७-२१-२१२०४

इमेल: purbuniv@ccsl.com.np

# पूर्वाञ्चल विश्वविद्यालयको ऐतिहासिक पृष्ठभूमि

सम्पादन
राजकुमार पोखेल
कविराज न्यौपाने
दधिराज सुवेदी

प्रकाशक
पूर्वाञ्चल विश्वविद्यालय
विराटनगर

फोन नं.: २-२१६५, २-८६३१
फ्याक्स: ९७७-२१-२१२०४
इमेल: purbuniv@ccsl.com.np

# मन्तव्य

पूर्वाञ्चल विश्वविद्यालय स्थापनाका लागि भएका प्रयासहरूको विवरणकासाथ विश्वविद्यालय स्थापनाका उद्देश्यहरू के थिए; त्यसमा कुन-कुन महानुभावहरू, समिति, आयोगहरूका के, कस्ता निष्कर्षहरू थिए; कुन-कुन महानुभावहरूको यस कार्यमा सहभागिता थियो; कुन परिस्थितिमा, कसरी यो विश्वविद्यालयको स्थापना हुन पुग्यो भन्ने जिज्ञाशालाई यथासम्भव समाधान गर्ने उद्देश्यले यो '**पूर्वाञ्चल विश्वविद्यालय ऐतिहासिक पृष्ठभूमि**' नामक परिचय पुस्तिका प्रकाशन गरिएको हो। यसमा सबैकुराको साङ्गोपाङ्ग विववरणभन्दा पनि प्रसङ्गहरूको सानो झलकलाई प्रस्तुत गरिने प्रयत्न भएको छ। नेपालकै उच्च शिक्षा विकासका सन्दर्भमा पनि यहाँ प्रस्तुत सामग्रीले थोर बहुत सहयोग पुग्ने अपेक्षा हामीले गरेका छौं। पूर्वाञ्चल विश्वविद्यालय स्थापनाका निमित्त भएका प्रयासहरूका अभिलेखहरूमध्ये हामीले प्राप्त गर्न सकेका जतिमात्र समावेश गरेका छौं।

अब आउने दिनहरूमा यस विषयमा समाजको झन् ध्यान केन्द्रित भई यससँग सम्बन्धित अन्य विवरणहरू प्राप्त गर्ने आशा अपेक्षा विश्वविद्यालयले गरेको छ।

यस पुस्तिका प्रकाशन समितिमा रही कार्य गर्नुहुने सह-प्राध्यापक श्री राजकुमार पोखेल, सह-प्राध्यापक श्री कविराज न्यौपाने, ने. रा. प्र. प्रतिष्ठान प्राज्ञ सभा सदस्य श्री दधिराज सुवेदीका साथै पाण्डुलिपिलाई मिहिनेतकासाथ कम्प्यूटर टाइपिङ्ग गरी पुस्तकाकार बनाउने कर्मचारीहरू टेकप्रसाद अधिकारी र रूपेशकुमार कर्णलाई समेत धन्यवाद दिन चाहन्छु। धन्यवाद !

२०५६।४।१६

(डा. भेषप्रसाद धमला)
रजिष्ट्रार

# विषय-सूची


| क्र.सं. | विषय | पेज नं. |
|---|---|---|
| १. | प्राक्कथन | १ |
| २. | वि.वि. स्थापनका निमित्त भएका प्रयासहरू– | २ |
| ३. | पू.वि.वि. बाट कार्यारम्भ– | १७ |
| ४. | पू.वि.वि. बाट सम्पन्न केही कार्यहरू– | १९ |
| ५. | २०२३ मार्ग २८ को उच्चशिक्षा ट्रष्ट गठन गर्ने बारेको निर्णय (अनुसूची-१)– | २१ |
| ६. | २०२३ माघ ९ गते श्री ५ मा चढाएको विन्तीपत्र (अनुसूची-२ क)– | २३ |
| ७. | २०२४ असोज ५ गते श्री मा चढाएको विन्तीपत्र (अनुसूची-२ ख)– | २९ |
| ८. | २०२४ असोज १७ गतेको राजदरबारको निर्णय (अनुसूची-३)– | ३२ |
| ९. | २०२४ असोज ७ को राजदरबारको निर्णय (अनुसूची-४ )– | ३४ |
| १०. | २०२६ पौष १ मा श्री ५ मा विन्ती चढाउनेहरू (अनुसूची-५ क )– | ३५ |
| ११. | २०२६ पौष २२ गते प्र.मं. लाई राजदरबार-बाट हुकुम प्रमांगी (अनुसूची-५ ख )– | ३६ |
| १२. | २०४३ बैशाख ९ गते गते गठित संयोजन समिति (अनुसूची-६)– | ३७ |
| १३. | २०४६ पौष १३ गतेको जनस्तरको निर्णय (अनुसूची-७)– | ३८ |
| १४. | २०४६ श्रावण ३२ गतेको शिशुनिकुञ्ज हस्तान्तरण गर्ने निर्णय (अनुसूची-८)– | ४७ |
| १५. | २०४४ श्रावण २८ गतेको राष्ट्रिय पञ्चायतको पत्र– | ५० |

| क्र.सं. | विषय | पेज नं. |
|---|---|---|
| १६. | २०४८ आषाढ १८ गते गठन भएको प्रस्तावित 'विश्वेश्वरप्रसाद कोइराला विश्वविद्यालय' मूलसमितिको विवरण (अनुसूची-९)– | ५२ |
| १७. | २०४८ आषाढ १८ गते गठन भएको प्रबन्ध समिति (अनुसूची-९)– | ५७ |
| १८. | २०४८ भाद्र १३ गते प्र.मं. गिरिजाप्रसादसँग भेटगर्ने प्रतिनिधि मण्डल (अनुसूची-११)– | ५९ |
| १९. | प्रबन्ध समितिले तयार पारेको निष्कर्ष र सुझाव (अनुसूची-१२)– | ६१ |
| २०. | २०४९ भाद्र २६ गते श्री ५ को सरकारद्वारा गठित कार्यटोली (अनुसूची-१३)– | ६४ |
| २१. | कार्य समितिको प्रतिवेदन २०४९ (अनुसूची-१४)– | ६५ |
| २२. | २०४९ मार्ग ११ गते गठित उपसमितिहरू (अनुसूची-१५)– | ७२ |
| २३. | २०४९ माघ १५ गते श्री ५ को सरकारद्वारा गठित समिति (अनुसूची-१६)– | ७४ |
| २४. | २०४९ माघ १५ गते श्री ५ को सरकारद्वारा गठित उच्चस्तरीय तयारी समिति (अनुसूची-१७)– | ७५ |
| २५. | २०५३ बैशाख ३ गते प्र.मं. शेरबहादुर देउवाद्वारा वि.वि. सञ्चालन गर्न दिएको निर्देशन (अनुसूची-१८)– | ७६ |

# प्राक्कथन

नेपालको ऐतिहासिक नगर विराटनगर नेपालको पूर्वी भागमा अवस्थित छ । नेपालको विकास इतिहासका दृष्टिले यस नगरले राजधानी काठमाडौं पछिको स्थान ओगटेको छ भने कतिपय कुरामा यसको अग्रस्थान सुरक्षित छ । इतिहासका कैयौं तथ्यहरूले प्रमाणित गरेको पाइन्छ- 'विराटनगरले आज सोचेको कुरा भोलि नेपालले सोच्नेछ।' यसैले उद्योग व्यवसायमा उद्यमीहरू, राजनीतिमा राजनेताहरू, समाजसेवामा समाजिक व्यक्तिहरूको सुझबुझ र दूरदृष्टिको उर्वराभूमि भएर सबैक्षेत्रमा यस नगरले विशिष्ट व्यक्तित्व आर्जन गरेको छ। प्राचीन इतिहासका पानादेखि आधुनिक अत्याधुनिक दिनहरूमा पनि यस शहरको विशिष्ट पहिचान रहेको तथ्य पनि सर्वविदितै छ। ख्यातनामा कृष्णप्रसाद कोइरालाका प्रयास प्रयत्नले आधुनिक शिक्षातर्फ वि. सं. १९८६ मा 'आदर्श विद्यालय' का माध्यमवाट प्रवेश गरेको विराटनगर धेरै विद्यालय, महाविद्यालयको सुसञ्चालनको अभिभारा खुशीखुशीसँग पूरा गरिरहेछ । धेरै शिक्षाप्रेमी शिक्षाविद्, शिक्षाशास्त्रीहरूको सत् प्रयत्नको आदर्श मार्गमा विराटनगरले पाइला चलाइरहेको छ । एउटा ठूलो औद्योगिक शहर राजनीतिको स्वतन्त्र विवेक चिन्तन प्रतिष्ठान, मनस्वी कर्मपुरूषहरूको अत्यन्त आदरणीय प्रियस्थान मात्र होइन यसलाई नेपालको अतिविशिष्ट विद्याकेन्द्रका रूपमा पुऱ्याउनें प्रयत्नमा विराटनगरको सभ्य समाज विराटनगर स्थापनादिनदेखि नै लागि परेको हो । यही सिर्जनशील सकारात्मक उद्देश्यका कारणले नै विराटनगरको गणनीय प्रगति भएको हो ।

कृष्णप्रसाद कोइरालाबाट स्थापित साना-ठूला चेतनाको प्रथम किरण आदर्श विद्यालयदेखि विभिन्न साना-ठूला विद्यालयको इच्छा बीचबाट २०१२ सालमा मोरंग इन्टरमिडिएट कलेजको स्थापना भयो । उच्च शिक्षाका क्षेत्रमा यस कलेजको विशेष स्थान रहेको छ । यस कलेजले उच्च शिक्षा विकासमा रूची राख्नेहरूलाई संगठित गरी शिक्षाको महत्व बुझेकाहरूलाई भविष्यको ढाँचा तयार गर्ने उत्साह र प्रेरणा एवं कार्यको

जिम्मेवारी प्रदान गऱ्यो । उच्च शिक्षाको विकास विस्तारको मुख्य आधार यही कलेजलाई बनाई यसको विकासबाट 'विश्वविद्यालय' को ढोका खोल्ने योजनाबाट कार्यहरू प्रारम्भ हुन पुगे । त्रिभुवन विश्वविद्यालय नखुलेको समयमा आ-आफ्ना स्थानीय चाहनाले ठाँउठाउँमा कलेजहरू खुलेका हुनाले सबै कलेजहरू आफ्नै व्यक्तित्व विस्तारित र विकसित गरी विशिष्ठ बन्ने प्रयत्नमा रहेका थिए । मोरंग कलेजका सञ्चालक समितिमा संलग्न उद्योगपति, व्यापारी, समाजसेवी, शिक्षासेवी, शिक्षक, बुद्धिजीविहरू, अभिभावकहरू कलेज स्थापनामा अनुभव प्राप्त गरी आवश्यकता पूर्ति गर्दै उच्च शिक्षाको विकास मानवको लागि उपल्लो श्रेणी चढ्ने जुक्ति हो भन्ने निष्कर्षमा पुगेकां थिए । कलेज स्थापनामा जुटेका उत्साह, आर्थिक स्रोत, विद्यार्थी शिक्षकहरूको परिपूर्ति र सरकारबाट राखिएको सहानुभूतिपूर्ण व्यवहारबाट विराटनगरमा विश्वविद्यालय सञ्चालन गर्न सकिने निचोडमा विराटनगरको सभ्य समाज पुगेको देखिन्छ । यही उत्साहको कडी लिएर शुरू भएको प्रयत्नले साकार रूप लिएर २०५० साल भदौं २७ गते पूर्वाञ्चल विश्वविद्यालयको विधेयक संसदबाट पारित भयो । श्री ५ बाट यस विधेयकमा २०५० पौष १९ गते लालमोहर बक्स भई यस ऐन अन्तर्गत पूर्वाञ्चल विश्वविद्यालयको कार्वाही २०५१ साल श्रावण १ गतेदेखि श्री ५ को सरकारले प्रारम्भ गरेको हो ।

## विश्वविद्यालय स्थापनाका निमित्त भएका प्रयासहरू

### प्रथम चरण (प्रारम्भदेखि २०३० सालसम्म)-

विश्वविद्यालय स्थापनाको इच्छालाई मूर्तरूप दिन शिक्षा क्षेत्रमा भइरहेको अभूतपूर्व प्रगति, योजनाबद्ध रूपमा उच्च शिक्षाको विकास गर्नुपर्ने आवश्यकता पूर्वाञ्चलको जनसंख्या, त्यस क्षेत्रका जनताका आवश्यकतालाई उच्चतहको शिक्षाको अवसर विस्तार गर्नका लागि मोरङ्गको विराटनगरमा विश्वविद्यालय स्थापना गर्नुपर्ने अनुभव यस क्षेत्रका जनतामा रहेको देखिन्छ । विराटनगरका बुद्धिजीवी सचेत नागरिकहरू राष्ट्रको आवश्यकता स्थानीय चाहनालाई परिपूर्ति गर्नका निमित्त विभिन्न

निर्णय एवं कार्य योजनामा संलग्न हुन पुगेका देखिन्छन् । २०२३ मार्ग २८ गते पूर्वाञ्चल क्षेत्रमा एक विश्वविद्यालय स्थापना गर्ने उद्देश्यले भेला गरिएको बैठकले विश्वविद्यालय स्थापनाकानिम्ति आवश्यक पर्ने आर्थिक स्रोतको आधार तय गरी स्वीकृति लिने र श्री ५ महाराजाधिराज सरकारमा विन्ती चढाउन प्रतिनिधिहरू काठमाडौं पठाउने निर्णय गरेको देखिन्छ । (*अनुसूची-१* मा यसको विवरण संलग्न गरिएकोछ ।)

विश्वविद्यालयको स्थापनाको आवश्यकता, योजना र महेन्द्र मोरंग कलेजको विकास आदि विषयका बारेमा माग समेत राखी स्वर्गीय श्री ५ महाराजधिराज महेन्द्र वीरविक्रम शाहदेवका जुनाफमा २०२३ साल माघ ९ गते बिहीवार तथा २०२४।६।५ का दिन (*अनुसूची-२ (क)* र *(ख)* अनुसारको) विन्तीपत्र दिइएको थियो । यस विन्तीपत्रमा विराटनगरको शैक्षिक विकासका लागि आवश्यक पर्ने साधनस्रोत र केही कार्यनीतिको माग गरिएको छ ।

विराटनगरबाट काठमाडौं गई ९ जनाको प्रतिनिधि मण्डलले श्री ५ महाराजधिराजका हजुरमा चढाएको विन्तीपत्रमा कारवाही हुँदा विभिन्न अनुदानको व्यवस्था साथ श्री ५ को सरकारले विराटनगरको नयाँ हवाई मैदान चालू भएपछि पुरानो हवाई मैदानको जग्गा विश्वविद्यालय प्रयोजनमा प्रयोग हुनको लागि प्रदान गरेको देखिन्छ । प्रधानमन्त्री सूर्यबहादुर थापाले श्री ५ को सरकारकोतर्फबाट २०२३ साल माघ १८ गते यस व्यहोराको पत्र सम्वन्धित प्रतिनिधि मण्डलका अगुवा श्री मातृकाप्रसाद कोइराला र श्री भूपालमानसिंह कार्कीलाई पठाउनुभएको छ । (*अनुसूची-३* मा पत्रको पूरा विवरण संलग्न गरिएकोछ ।)

श्री ५ को सरकारसँग सम्पर्क र श्री ५ महाराजधिराज सरकारको हजुरमा विन्तीपत्रको माध्यमबाट बस्तु तथ्यको जानकारी गराउँदै उच्च शिक्षा विकासका लागि ट्रष्टको व्यवस्था गर्नुका साथै पुरानो हवाई मैदानको २१ बिगाहा ४ कट्ठा ११ धुर र त्यही जग्गासँग कित्ता मिल्ने १६० बिगाहा जग्गा प्रति बिगाहा ३ हजारका दरले मुआब्जा दिई अधिग्रहण गर्ने र विश्वविद्यालय सञ्चालनका लागि आवश्यक जग्गाको व्यवस्था

मिलाउने उच्च शिक्षा विकास ट्रष्ट, मोरङ्गका तर्फबाट भूपालमानसिंह कार्कीले २०२४ साल आश्विन ५ गते बिहीवारका दिन विन्तीपत्र चढाउनुभएको र यस विन्तीपत्रमा कारवाही हुँदा विश्वविद्यालयको कामलाई लाग्ने थप जग्गा बिगाहा १ सय ६० अधिग्रहण गरी पाऊँ र सो जग्गाको मुआब्जा दिन चाहिने रू. ४ लाख ८० हजार पाऊँ भन्ने समेतको २०२४।६।५।५ को विन्तीपत्रको व्यहोरा श्री ५ महाराजधिराजका हजुरमा जाहेर हुँदा यसमा प्रधानमन्त्रीले हेरेर पटक-पटक गरेर पाउने गरी दिनु भन्ने हुकुम बक्सेको कुरा *अनुसूची*-४ को पत्रबाट देखिन्छ । सो पत्र भूपालमानसिंहलाई श्री ५ का प्रमुख सचिवबाट मिति २०२४।६।१७ मा प्राप्त भई विश्वविद्यालय स्थापनाका प्रयत्नमा ठोस उपलब्धि अंकित हुन पुगेको देखिन्छ । "श्री ५ महाराजधिराजबाट बक्स भएको हुकुम बमोजिम १ सय ६० बिगाहा जग्गा श्री ५ को सरकारले अधिग्रहण समेत गरिदिने भएकोले सूचना गरेको छु" भन्ने व्यहोरा भएको २०२४।६।१७ गतेको पत्र भूपालमानसिंहलाई प्राप्त भएको थियो । सरकारको बोझ नबढाउने सामाजिक आवश्यकता परिपूर्तिमा आत्मनिर्भरता बढाउने, कलेजमा बढ्दै गएको विद्यार्थीको संख्या नयाँ नयाँ विषय, विभाग र आवश्यकताले पनि विश्वविद्यालय स्थापनाको चाहना तिव्रत्तर भइरहेको सन्दर्भ विभिन्न समयमा प्रस्तुत गरिएको निवेदन, विन्तीपत्र, छलफल र भेटघाटले प्राप्त गरेका आश्वासनहरूबाट राष्ट्रिय चाहनाको आवश्यकताको विषय भएर विश्वविद्यालय स्थापनामा क्रियाशीलता बढेको अनुभव हुन्छ ।

विराटनगरवासीहरूका आग्रह बमोजिम पुरानो हवाई मैदानको २१ बिगाहा ४ कट्ठा ११ धुर जग्गा महेन्द्र मोरंग कलेज प्रस्तावित विश्वविद्यालयको नाममा रहे पनि उच्च शिक्षा विकास ट्रष्टले विश्वविद्यालय कृषि महाविद्यालय स्थापनाको प्रयत्नलाई आधार प्रदान गरेपनि यस चरणमा विश्वविद्यालय शुरू गर्ने प्रयत्नहरूमा श्री ५ को सरकारबाट गरिने भनिएका कार्यहरू रकमको निकाशा तथा जग्गा अधिग्रहण गर्ने काम हुन सकेन अनि प्रस्तावित विश्वविद्यालयको नाममा जग्गा दर्ता भए पनि मोरंग कलेजले नै जग्गाको स्वामित्व ग्रहण गरी भोग गर्नुपर्ने स्थिति उत्पन्न हुन पुग्यो ।

पूर्वाञ्चलका जनताहरूको प्रवल आकांक्षा, समयको माग र आवश्यकता अनुसार २०२३ सालबाट विश्वविद्यालय स्थापनामा प्रारम्भिक चरण राख्दै १० वर्षभित्र पूर्णरूपमा विश्वविद्यालयको काम गर्न सक्ने योजना रहेतापनि सो अनुरूप कार्य अगाडि नबढेकोले यस कार्यमा वढी क्षमता आओस् भनी २०२६ सालमा विश्वविद्यालय स्थापना समिति गठन गरिएको कुरा उल्लिखित छ। श्री ५ को सरकारकातर्फबाट गरिएका प्रतिवद्धता पूर्तिका लागि २४ जना प्रतिष्ठित महानुभावहरूले २०२६ साल पौष १ गतेका दिन श्री ५ मा विन्ती चढाएको देखिंदा २०२४ सालमा भए गरेका निर्णयहरूमा ढिलाई भएको देखिन्छ। (श्री ५ मा विन्ती चढाउने महानुभावहरूको नामावली *अनुसूची-५* मा संलग्न गरिएकोछ।) विश्वविद्यालय स्थापनाको प्रसङ्ग नयाँ शिक्षा योजना २०२८ लागू नहुन्जेल आवश्यकताको विषय रहेको र यस दिशातर्फ केही न केही काम भएको पाइन्छ । यस चरणमा विश्वविद्यालय स्थापना गर्ने जनउत्साहको सञ्चार, विश्वविद्यालयको लागि आवश्यक भौतिक तथा शैक्षिक आधारहरूको योजना, राजनैतिक, सामाजिक प्रतिवद्धता, जग्गा प्राप्ति, अर्थ संकलन, संगठित प्रयत्न र सरकारी तहबाट सकारात्मक सहयोग भएको स्पष्ट हुन्छ। यस चरणमा पूर्व प्रधानमन्त्री मातृकाप्रसाद कोइराला र बृ.ज. भूपालमानसिंह कार्कीले उद्योगपति, व्यापारी, शिक्षाविद् राजनैतिक, सामाजिक व्यक्तिहरूलाई संगठित गरी यस क्षेत्रमा विश्वविद्यालय स्थापनाको कार्य अत्यावश्यक भएको र यसले पूर्वाञ्चलको मात्र होइन मुलुक कै उन्नतिका लागि सार्थक योगदान दिनसक्छ भन्नेतर्फ सबैको ध्यानाकृष्ट गर्न सकेको अनुभव हुन्छ। प्रस्तावित विन्तीपत्र एवं गरिएका अनुरोधलाई सबै तह र सबै पक्षबाट स्वीकृति भएर केही न केही सहयोग, सद्भावना यस चरणमा प्राप्त हुन सकेको देखिन्छ।

## दोस्रो चरण (२०३० सालदेखि २०३७ सालसम्म)-

'राष्ट्रिय शिक्षापद्धतिको योजना २०२८' नयाँ शिक्षाका रूपमा मुलुकमा लागू भएपछि शैक्षिक जगतमा पूर्णतः परिवर्तन देखापर्‍यो । जनताहरूको चासो, उत्साह र सामाजिक भावनाबाट नै नेपालमा शिक्षाको विकास प्रारम्भ भएको हो। मठ-मन्दिरहरूमा दिइएका गुरुकुलीय शिक्षा

पद्धतिका प्रभावमा प्रारम्भ गरिएको शिक्षादानको परम्परा वा आधुनिक चेतना विकासका लागि समाज सुधारक सचेत व्यक्तित्वबाट गरिएका सबै प्रयत्नहरूमा राज्यस्तरबाट अहस्तक्षेपको मात्र अपेक्षा गरिएको पाइन्छ । उच्च शिक्षाका क्षेत्रमा भएको व्यापक विस्तारमा पनि जनसरोकार वा जनचासो नै प्रमुख रहेको पाइन्छ । प्रजातन्त्रको स्थापनापछि नै धेरै कलेजहरू स्थापना भएका थिए । नयाँ शिक्षा योजनाले यस वस्तुतथ्यलाई अस्वीकार गरी कलेजहरूको अस्तित्वलाई समाप्त पार्‍यो, जनताको सहभागितामा तगारो लगायो, आर्थिक सहयोगको ढोका बन्द गर्‍यो र शिक्षा सन्दर्भमा जनताबाट पाउने सबै कुरालाई तिरस्कृत गर्‍यो । कानूनी रूपले राज्यले शिक्षा बारे सम्पूर्णता बोक्यो र जनताले प्रदान गरेको चन्दा सहयोगको मालिक सरकार हुन पुग्यो । फलतः शिक्षा विकासका निम्ति शुरू गरिएका उच्च शिक्षा विकास ट्रष्ट जस्ता सांगठित प्रयासहरू एवं जनस्तरबाट प्राप्त हुने सहयोग र सद्भाव अवाञ्छित एवं अवैध समेत हुन पुगे । पूर्वाञ्चल विश्वविद्यालय स्थापनाका कार्यहरू इतिहासका कुनामा थन्किन पुगे । एउटै विश्वविद्यालय हाताभित्र देशभरिका महाविद्यालयहरू क्याम्पसमा परिणत भए । विश्वविद्यालय मात्र होइन विद्यालय, महाविद्यालय स्थापना गर्ने कार्य पनि प्रतिबन्धित भए । सबै शैक्षिक कार्यको भार सरकारको एकल नेतृत्व नीतिमा सञ्चालित हुन पुग्यो । अतः सरकारी नीति अर्को विश्वविद्यालय स्थापना गर्नेतर्फ नरहेकाले पूर्वाञ्चल विश्वविद्यालय स्थापना प्रसङ्ग २०३७ सालसम्म अवरूद्ध हुन पुग्यो ।

राष्ट्रिय शिक्षापद्धतिको योजना (२०२८) लागू गरेर शिक्षक, विद्यार्थीहरू, शिक्षानीति, पाठयपुस्तक यावत् विषय नियन्त्रण गर्ने, जिम्मेवारी पनि आफैले ग्रहण गर्ने, प्राज्ञिक आलोचना र दृष्टिलाई छुट नदिई राजनीतिक अभीष्ट सिद्ध गर्ने आन्तरिक अभिप्रायले गर्दा शिक्षा क्षेत्रमा लामो समयदेखि अपेक्षा गरिएको आवश्यक सुधार पनि हुन सकेन । आफ्नो क्षमताले बहन गर्न नसक्ने भार बहन गर्नाले झन् ठूलो राजनैतिक एवं शैक्षिक अन्यौलको जन्म यही योजनाकै कारणले उत्पन्न हुन पुग्यो । २०३६ सालको आन्दोलनको प्रारम्भ यही शिक्षा योजनाको कार्यान्वयनकै क्रममा उत्पन्न भई यसैले राजनैतिक उथलपुथललाई

जन्म दियो। निर्विकल्प भनिने पञ्चायती व्यवस्थाको विकल्पमा बहुदलको प्रभावकारी अस्तित्वलाई स्थापित गर्नुका साथै जनताका केही मौलिक हकहरूको अस्तित्व स्वीकार गर्न बाध्य तुल्यायो। विद्यार्थीहरूको समस्या समाधान गरी सुझाउ प्रस्तुत गर्न आयोग गठन गरियो। उक्त आयोगले सरकार बारे सम्पूर्ण जिम्मेवारी बहन गर्ने सबै कुरा एउटै स्थानबाट नियोजित र नियन्त्रित गरिने नीतिका कारण पनि असन्तुष्टिले व्यापकता पाएको अनुमान गरी अर्को विश्वविद्यालयको आवश्यकतालाई संकेत गरेको पाइन्छ। समयको माग, सञ्चालनमा सुगमता एवं शैक्षिक भौगोलिक वास्तविकतालाई ध्यान दिएर नै यो संकेत गरिएको अनुभव गर्न सकिन्छ।

शिक्षा क्षेत्रमा खासगरी उच्च शिक्षामा देखिएका समस्याहरूको समाधान गर्नु पर्ने तथा चुनौतीपूर्ण विश्व समाजमा नेपालले पनि आफ्नो पहिचान कायम राख्नु पर्ने वास्तविकतालाई अनुभव गरेर यसै बखत शाही उच्चशिक्षा आयोगको गठन गरी शिक्षानीतिमा उपयुक्त परिवर्तनको अपेक्षा पनि गरिएको हो। यस आयोगबाट शिक्षाको शाश्वत, मानवीय, सार्वजनिक मूल्यलाई स्वीकार गर्नुपर्ने तथ्यलाई संकेत गरिए पनि प्रतिस्पर्धाका लागि आवश्यक शैक्षिक नीति तथा संगठनात्मक सुधारको सुझाउ प्रस्तुत हुन सकेन। एउटा विश्वविद्यालयका कारणले नै गुणस्तरमा ह्रास आउनुका साथै मुलुकका लागि आवश्यक आत्मनिर्भर शिक्षितहरू उत्पादन हुन नसकेको तथ्य चाहिं आयोगलाई प्रदान गरिएका सुझावहरूमा व्यक्त भएकाछन्। यस आयोगमा बहुविश्वविद्यालय स्थापनाको आवश्यकतालाई व्यापक छलफल गर्दा आयोगका सदस्यहरूले बहुविश्वविद्यालय स्थापना गर्ने नीति राष्ट्रले लिनु पर्ने धारणा उक्त आयोगको प्रतिवेदनमा उल्लेख गरिएकाछन्। खासगरी यस प्रसङ्गमा शाही उच्च शिक्षा आयोगका सदस्य जगतमोहन अधिकारी तथा सदस्य सचिव डा. मोहनप्रसाद लाखेले विराटनगर र पोखराको शैक्षिक विकासस्थिति र मुलुकको आवश्यकता अनुभव गरी विराटनगर र पोखरा समेतमा विश्वविद्यालय खोल्नु पर्ने आफ्नो थप सुझाउ उल्लेख गरेको पाइन्छ। 'प्रचलित ऐनले एकमात्र विश्वविद्यालयको अस्तित्वलाई स्वीकार गरेको छ। यस ऐनमा आमूल परिवर्तन हुनु पर्दछ। अथवा छुट्टै ऐनको तर्जुमा गरी मुलुकमा एकभन्दा बढी विश्वविद्यालय र स्वतन्त्र

शिक्षण संस्था रहन सक्ने व्यवस्था हुनु पर्दछ। यसरी ऐन संशोधन गरेर वा नयाँ ऐनको तर्जुमा गरेर हाल विद्यमान उच्च शिक्षा संस्थामध्ये कतिपयलाई आफैमा पूर्ण सक्षम र स्वशासित रूपमा सञ्चालन हुन सक्ने व्यवस्था गरिनुपर्दछ।' (डा. मोहनप्रसाद लाखे, शाही उच्च आयोग २०४० प्रतिवेदन पेज-४२९) 'विगत वर्षहरूमा पोखरा विराटनगरलाई उच्च शिक्षाको प्रमुख केन्द्रका रूपमा विकसित गराउने उद्देश्यले धेरै प्रयोग भएको हो, यस अवधिमा तयार गरिएको पूर्वाधारमा चाहिने थप मद्दत पुऱ्याई आवश्यक तयारीसाथ पोखरास्थित पृथ्वी नारायणक्याम्पस र विराटनगरस्थित महेन्द्र मोरंग क्याम्पसलाई अलग-अलग विश्वविद्यालयको रूपमा सङ्गठित गर्नु पर्दछ।' (जगतमोहन अधिकारी शाही उच्च आयोग २०४० प्रतिवेदन पेज-४२६) यसरी जनस्तरमा हुने गरिने प्रयत्न प्रतिबन्धित रहेकै बखतमा पनि मुलुकको सर्वाङ्गीण विकासका लागि अन्य विश्वविद्यालय खोल्नुपर्ने विचार प्रवाहित भइरहेको देखिन्छ। शासन व्यवस्था कडा भएका कारणले सामाजसेवी शिक्षाशास्त्रीहरूले खुलस्त विचार राख्न नसकेका भए पनि शासनले अपजस लगाउन नसक्नेहरूले पञ्चायती शासनकै दीर्घजीवनका लागि पनि एउटै विश्वविद्यालयमा थुप्रिएको चेतनशील युवा समुदायलाई भिन्न गर्न अर्को विश्वविद्यालय खोलिनुपर्ने तर्क राखेका थिए र यसक्रममा स्थानीय प्रशासन, स्थानीय निकाय, जिल्ला पञ्चायत, गाउँ पञ्चायतहरूबाट यस अभियानलाई गतिदिन क्रियाशीलता देखाएका थिए। जनप्रयत्नमा विश्वविद्यालय स्थापनाको प्रथम सूत्रधार विराटनगर पनि यो कार्यलाई अगाडि बढाउने प्रयत्नमा अग्रसर हुन लाग्यो। श्री ५ महाराजधिराज वीरेन्द्रवीरविक्रम शाहदेव पूर्वाञ्चलमा सवारी भइबक्सेका शुभ अवसरमा पूर्वाञ्चलका सम्माननीय, माननीय, साहू, महाजन, वुद्धिजीवी र समाजसेवीहरूले २०३९।१०।३ मा पूर्वाञ्चल विश्वविद्यालयको आवश्यकता जाहेर गरेका थिए भने विभिन्न विषयका प्राइभेट क्याम्पसहरू खोल्दै शैक्षिक आधारहरू प्रसस्त मात्रामा दिन पूर्वाञ्चलवासी क्रियाशील भएका थिए। यही क्रमलाई अगाडि बढाउन २०४३ वैशाख ९ गतेका दिन डा. लक्ष्मण शास्त्रीको अध्यक्षतामा वीरेन्द्र सभागृहमा बसेको बृहत् बैठकले पूर्वाञ्चलमा विश्वविद्यालय स्थापना गर्ने आवश्यकता अनुभव गरी तत्सम्बन्धी कार्यलाई अघि बढाउन र श्री ५ को सरकारसँग आवश्यक सम्पर्क गर्न आयोजक समिति गठन गरी त्यस अन्तर्गत एउटा संयोजक

समिति पनि गठन गरेको थियो (*अनुसूची*-६ मा संयोजक समितिको नाम संलग्न गरिएकोछ।) समाजसेवी प्रतापनिधि शर्माको संयोजकत्वमा गठित समितिले पटक-पटक बैठक बसी श्री ५ को सरकारलाई विश्वविद्यालय स्थापना हुन सक्ने सम्भावनाको जानकारी प्रतिनिधि मण्डल र प्रतिवेदनको माध्यमले दिइएको थियो भने यसक्रमले नै श्री ५ को सरकारलाई बहुविश्वविद्यालय अवधारणामा लाग्न उत्प्रेरित पनि गरेको थियो। तत्कालीन जिल्ला पञ्चायतका सभापति चैतुलाल चौधरीको नेतृत्वमा काठमाडौं गएको प्रतिनिधि मण्डलले पूर्वाञ्चलमा विश्वविद्यालय स्थापनाका प्रयत्नमा थप प्रयत्न गरेको थियो। यस अघि शाही उच्च शिक्षा आयोगको टोली विराटनगरमा आउँदा यहाँका जनताबाट आयोगलाई विश्वविद्यालय खोल्नुपर्ने सुझाउ दिइयो भने स्थापना प्रयत्नका अगुवा व्यक्ति भूपालमानसिंहले २०४०।३।१२ मा आयोगसँग आफ्नो प्रतिवेदनको प्रतिक्रिया माग्दा राजधानी बाहिर केहीवर्षलाई विश्वविद्यालय आवश्यक छैन भन्ने विचारको खुल्ला विरोध जनाउनु भएको देखिन्छ। उहाँको विचार छ- 'काठमाडौं राजधानीमा हामी सबैजनाको सबै कार्य राजधानीमै हुनुपर्छ। राजधानीले खानपाए अन्त अरूलाई पुगिहाल्छ भन्ने मनोभावनासँग अब पहाड-मधेशका जनता सहमत छैनन्। त्रिभुवन विश्वविद्यालयका अतिरिक्त अर्को संस्कृत विश्वविद्यालय वाहेक केहीवर्षलाई अरू विश्वविद्यालय आवश्यक छैन भन्ने विचारमा म सहमत छैन। यसले नेपाल अधिराज्यमा पूर्वाञ्चलका जनताको उत्साह, सतत् प्रयत्नका उद्देश्य अनुसार शिक्षा विकास गर्ने भावनामा कुठाराघात भएको छ' भनी अर्को विश्वविद्यालय खोल्नुपर्ने राय पेश गर्न अनुरोध पनि गर्नुभएको छ।

आयोगको सुझावमा बहुविश्वविद्यालय स्थापनाको धारणाले स्वीकृति नपाए पनि विभिन्न स्थितिले यस कार्यको औचित्यलाई स्पष्ट पार्दै लगेको थियो। २०२६ सालदेखि २०३६ सालसम्म शून्यप्राय: भएको पूर्वाञ्चल क्षेत्रमा विश्वविद्यालय खोल्ने विचार क्रमश: अस्तित्वमा आयो। श्री ५ को सरकारले पनि एउटै विश्वविद्यालयबाट सम्पूर्ण शैक्षिक आवश्यकता परिपूर्ति नहुने र जनइच्छालाई कुण्ठित गर्नु पनि उपयुक्त नहुने अनुभव गरेर यसै चरणमा २०४३ भदौ १५ गते तत्कालीन राष्ट्रिय पञ्चायतमा

काठमाडौं बाहिर अन्य विश्वविद्यालयमा स्थापना गर्दै लैजाने नीति वक्तव्य शिक्षा राज्यमन्त्रीबाट दिलायो । यस वक्तव्यले विश्वविद्यालय खोल्नका लागि आवश्यक पूर्वाधार निश्चित गरेको छ, जसमा मानविकीतर्फ-५ व्यवस्थापनतर्फ-५, विज्ञानतर्फ-३, शिक्षातर्फ-२, कानूनतर्फ-१ क्याम्पस संख्या हुनु पर्ने र ती क्याम्पसमा कम्तिमा १० हजार विद्यार्थी हुनुपर्ने र त्यस मध्ये १ हजार विद्यार्थी स्नातक तहमा हुनु पर्ने भनिएकोमा पूर्वाञ्चलमा नीति वक्तव्यकै समयभन्दा अगाडिदेखि नै कलेज र विद्यार्थी संख्या अत्याधिक रहेको थियो । यस वक्तव्यमा २ करोड रूपैया र १०० बिगाहा जमीन हुनुपर्ने आधार पनि तय गरिएको छ । यस वक्तव्यले विश्वविद्यालय खोल्ने चर्चा समेत निषेध गरेका बखत बहुविश्वविद्यालयको अवधारणा प्रस्तुत गरी नयाँ चिन्तन र छलफलको खुल्ला आकाश प्रदान गरेर नेपालको उच्च शिक्षाको इतिहासमा नयाँ गोरेटोको निर्देशन गरेको थियो । यसले वक्तव्यबाट प्रस्तुत गरिएका मौलिक आधारहरू २ करोड रूपैया र १ सय बिगाहा जमीन कुन निकायले, कसरी गर्ने, कुनै व्यक्ति विशेषले यो काम गरेमा त्यसको औचित्य वा उपयोगिता के रहन्छ इत्यादि प्रश्नहरू उत्तर दिन सकेको छैन । तर, केही राम्रा पक्षहरू भएर पनि यसमा जिम्मेवारी र दायित्व स्पष्ट नपारिएको हुनाले सरकारीनीति उदार छैन भन्ने नै संकेत दिन्छ । खोलिएका विश्वविद्यालयमा सरकारी तहमा यी सबै व्यवस्था नगरिनु तर खोलिने विश्वविद्यालयमा यी सब प्रावधान जनस्तरबाट पूरा गरिनुपर्ने आग्रह राख्नुले यस तथ्यलाई स्पष्ट पार्दछ । तापनि यस चरणमा विश्वविद्यालय स्थापनाका लागि पूर्वाञ्चलवासीहरूले जनस्तरबाट गरेको प्रयत्नले विश्वविद्यालय स्थापनाको अरूणोदयलाई संकेत गरेको अनुभव गर्न सकिन्छ । यस निर्णयबाट उत्साहित भई २०४३।९।१३ का दिन विराटनगरवासी शिक्षाप्रेमी, समाजसेवी, उद्योगपति, गण्यमान्यको बैठक बसी प्रस्तावित विश्वविद्यालय समिति अन्तर्गत मूल समिति, कार्य समिति, सल्लाहकारहरूको चयन गरी यस कार्यलाई गति दिने उत्साह प्रकट गऱ्यो । (*अनूसूची-७* मा विवरण संलग्न छ ।) पुन: २०४४ साल मार्ग महिनामा श्री ५ महाराजधिराजको पूर्वाञ्चल भ्रमणका अवसरमा पूर्वाञ्चलवासीको तर्फबाट गरिएको अभिनन्दनमा पूर्वाञ्चल विश्वविद्यालय मागको पुनरावृति हुनु, महेन्द्र मोरंग क्याम्पसको स्नातकोत्तर

कार्यक्रमलाई विश्वविद्यालयको केन्द्रीय क्याम्पसको पूर्वाधार हुन सक्ने गरी स्नातकोत्तर क्याम्पसमा परिणत गरिनु र आदर्श शिशु निकुञ्जको स्वामित्व र भोगमा रहेको विराटनगर उपमहानगरपालिका वार्ड नं. १८ को झण्डै ७ बिगाहा जग्गा र १७ कोठे भवन विश्वविद्यालयको पूर्वाधार का रूपमा जनस्तरबाट स्नातकोत्तर क्याम्पसलाई मिति २०४६ श्रावण ३२ गतेको निर्णयानुसार (*अनुसूची-८* मा पारित निर्णय संलग्न गरिएकोछ ।) हस्तान्तरण भएको पाइन्छ । यसरी यस चरणमा जनआकांक्षाको प्रतिबिम्व मात्र होइन जनआकांक्षालाई मूर्तरूप दिने वौद्धिक चिन्तन  र आधार तय गरिनुका साथै भौतिक एवं मानवीय संसाधनको ठोस प्राप्ति भएकाले उच्च शिक्षाको विकास र विस्तारका लागि पूर्वाञ्चलमा विश्वविद्यालय खोलिन सक्ने सम्भावनाका सुदूरद्वारहरू चित्रित भएको अनुभव यस चरणमा गर्न सकिन्छ ।

**तेस्रोचरण (२०४६ सालदेखि २०५० सालसम्म)-**

२०४६ सालको जनआन्दोलनबाट प्रजातन्त्रको पुन: संस्थापन भएपछि मानव अधिकार तथा प्रजातान्त्रिक मूल्य, मान्यता साथै सामाजिक न्याय र समान अवसरको धारणाले प्रश्रय प्राप्त गऱ्यो । दमित भावनाले मुखरित हुने अवसर प्राप्त गरे भने नेपाली समाजमा विद्यमान उन्नति आकांक्षाहरूले अवसरको खोजीमा आ-आफ्ना प्रयत्नहरू प्रारम्भ गरे । यो परिवर्तन इच्छाले शिक्षा क्षेत्रमा पनि प्रभाव पाऱ्यो । लामो समयदेखि पूर्वाञ्चलको विराटनगरमा विश्वविद्यालय स्थापनाका लागि प्रयत्नरत विराटनगरले पुन: संगठित प्रयत्नमा पाइला चाल्न थाल्यो । यसैक्रममा २०४८।३।१८ मा विराटनगरका बुद्धिजीवी समाजसेवीहरूको भेलाले बद्लिंदो सन्दर्भ अनुसार नेपाली समाजका अमर पुरूष 'विश्वेश्वरप्रसाद कोइराला'का नाममा 'विश्वविद्यालय' खोल्नका लागि समाजसेवी नारायणप्रसाद कोइरालाको अध्यक्षतामा विश्वविद्यालय प्रवन्ध समिति गठन गऱ्यो । (*अनुसूची-९* र *१०* मा विवरण संलग्न गरिएकोछ ।) यस प्रबन्ध समितिको (*अनुसूची-११* मा संलग्न गरिए अनुसारको) प्रतिनिधि मण्डलले २०४८।५।१३ मा प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालालाई भेटी विश्वविद्यालय स्थापनाको आवश्यकता औचित्य स्पष्ट पारी प्रतिवेदन समेत प्रस्तुत गरेको थियो । उक्त प्रतिवेदनले विभिन्न स्थानमा

विश्वविद्यालय खोलिनु पर्ने सुझाव साथ प्रजातन्त्रिक वातावरणमा विकासप्रतिको चाहना र आकांक्षाको परिपूर्तिको निम्ति जनशक्तिमा गुणात्मक अभिवृद्धि ल्याई देश विकास कार्यलाई सुगम बनाउन, उच्च शिक्षाका अवस्थालाई यथासम्भव विकेन्द्रीकरण गर्दै लैजाने, शिक्षा क्षेत्रमा प्रतिस्पर्धात्मक वातावरण सिर्जना गर्ने, उच्च शिक्षा क्षेत्रमा देखापरेका विकृति हटाउन त्रिभुवन विश्वविद्यालयमा आइपरेका विभिन्न बोझहरू हलुका पार्ने तथा शिक्षाको विकास र विस्तारलाई संस्थागत, प्राज्ञिक र प्रशासनिक दृष्टिले सक्षम तथा राष्ट्रिय दृष्टिले उपयोगी हुने गरी बहुविश्वविद्यालयको नीति अंगिकार गरी थप विश्वविद्यालय खोल्न आग्रह गरिएको पाइन्छ । यस प्रबन्ध समितिले काठमाडौं बाहेक अन्य क्षेत्रमा विश्वविद्यालय हुनु पर्दछ भनी तिनको स्वरूप बारे स्पष्ट धारणा पनि प्रकट गरेको देखिन्छ । ती विश्वविद्यालय कुनै जिल्लाका नभई ज्ञान-विज्ञानका दृष्टिले अन्तर्राष्ट्रिय स्तरका, गौरव गरिमाका दृष्टिले राष्ट्रिय स्तरका, आवश्यकता र चाहनाका दृष्टिले स्थानीय स्तरका हुने आदर्श विचारबाट खोलिनु पर्दछ भन्ने स्पष्ट दृष्टिकोणका साथ पूर्वाञ्चलमा विश्वविद्यालयको स्थापनाका लागि आवश्यक पर्ने पूर्वाधारको विस्तृत विवरण प्रकट गरेको देखिन्छ । (*अनुसूची-१२* मा निष्कर्ष र सुझाव विवरण संलग्न गरिएको छ ।) यसरी विश्वविद्यालय स्थापनाका पूर्व प्रयत्नहरू मात्र होइन वर्तमानका सन्दर्भले पनि विश्वविद्यालय स्थापनाको आवश्यकतालाई पुष्टि गरेको तथ्य प्रस्तुत गरी प्रधानमन्त्रीको सकारात्मक सहयोगको आश्वासन प्राप्त गर्न प्रतिनिधि मण्डल र प्रबन्ध समिति समर्थ हुन पुगेको देखिन्छ । विश्वविद्यालयका स्थापनाका लागि कार्यरत प्रतिनिधि मण्डल एवं कार्यदलसँग पटक-पटक भएको भेटमा सम्माननीय प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले उच्च शिक्षाको समुचित विकासको आवश्यकता दर्शाई पूर्वाञ्चल विश्वविद्यालय स्थापनाका लागि प्रधानमन्त्रीका हैसियतले र व्यक्तिगत रूपमा पनि आफू प्रयत्नशील रहने आश्वासन प्रदान गर्नुभयो र यस कार्यको शुभारम्भका लागि उहाँ प्रयत्नशील पनि हुनुभयो । उहाँकै प्रधानमन्त्रीत्वकालमा पूर्वाञ्चल विश्वविद्यालय ऐन २०५० जारी हुन गयो ।

देशको राजनैतिक पद्धतिमा आएको परिवर्तनले नै शिक्षा क्षेत्रमा पनि सुधारको खाँचो अनुभव गरी २०४७ साल फाल्गुण १४ गतेदेखि राष्ट्रिय शिक्षा आयोगको गठन गरिएको थियो।

उक्त आयोगबाट डा. मोहनप्रसाद लाखेको संयोजकतत्वमा सरस्वतीप्रसाद रिमाल, पन्नालाल प्रधान र लोकेन्द्रप्रसाद आचार्य समेत सदस्य भएको बहुविश्वविद्यालय संभाव्यता अध्ययन टोली गठन गरियो। यस टोलीले विभिन्न क्षेत्रको स्थलगत निरीक्षण एवं छलफल गरी मिति २०४९।१।१७ मा आफ्नो अध्ययन प्रतिवेदन बुझायो। यस प्रतिवेदनमा "पूर्वाञ्चल विकास क्षेत्रको हकमा हाम्रै परिवेशमा हेर्दा विद्यार्थी संख्या, न्यूनतम दक्ष जनशक्तिको उपलब्धता जन सहभागिताको प्रशस्त संभावना र अन्य कतिपय पूर्वाधारहरूको पनि तुलनात्मक दृष्टिकोणले विकसित भई सकेको हुँदा हाललाई विराटनगरमा अवस्थित त्रि. वि. का आङ्गिक क्याम्पसलाई आधार बनाई खुल्ने विश्वविद्यालय थाल्नी गर्न सकिने देखिन्छ। विगतका वर्षहरूमा त्रि. वि. को आङ्गिक क्याम्पसमा पूर्वाधार तैयार गर्ने प्रयत्नको थालनी भएको समेत बुझिन्छ। यस भेगमा विश्वविद्यालय खोलिएमा त्रि. वि. मा परेको ठूलो चाप कम भई व्यवस्थापनमा दक्षता हासिल हुनुका साथै विश्वविद्यालयहरू बीच प्रतिस्पर्धा भई विश्वविद्यालयका उत्पादनको गुणात्मक बृद्धिमा सघाउ पुग्ने देखिन्छ" भन्ने राय दिएपछि उक्त आयोगले २०४९ साल आषाढ ३ गते आफ्नो प्रतिवेदन श्री ५ को सरकार समक्ष बुझाई उच्च शिक्षाको क्षेत्रमा विविध सकारात्मक सुझाव प्रस्तुत गरेको छ। उच्च शिक्षाको विस्तार विकास र देखापरेका समस्याहरू समाधानका लागि बहुविश्वविद्यालयको व्यवस्थालाई सिफारिस गरेको छ, "वर्तमान प्रजातान्त्रिक वातावरणमा उच्च शिक्षाको अवसर देशका सबै क्षेत्रका योग्य र प्रतिभाशाली व्यक्तिहरूलाई उपलव्ध गराउन त्रिभुवन विश्वविद्यालयलाई विकेन्द्रित गरी त्रिभुवन विश्वविद्यालयका आंगिक क्याम्पस र निजी क्याम्पसहरूलाई एकीकृत गरेर पूर्वाञ्चल, मध्यमाञ्चल र पश्चिमाञ्चलमा एक/एक तथा मध्यपश्चिमाञ्चल र सुदूर पश्चिमाञ्चलमा एक गरी कम्तिमा चारवटा विश्वविद्यालय खोलिनुपर्दछ। यी विश्वविद्यालयको स्वरूप र संरचनाबारे प्रस्तावित विश्वविद्यालय अनुदान आयोगले सिफारिश गर्नुपर्दछ।

सामान्यतः यी विश्वविद्यालयहरूसँग त्यस क्षेत्रका प्राविधिक संस्थानहरू तथा महाविद्यालयहरू सम्वद्ध हुनुपर्दछ। तर विश्वविद्यालयको कार्यक्षमता, स्तर र मान्यताका कारणले गर्दा कुनै पनि शैक्षिक संस्थानले आफ्नो क्षेत्र बाहिरका राष्ट्रिय विश्वविद्यालयसंग सम्वन्धन गर्न पाउनुपर्दछ। (राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन, पेज-६७।)

लगभग तीन दशकदेखि नेपालको उच्च शिक्षामा बहुविश्वविद्यालयीय प्रणाली स्वीकृतिका लागि प्रयत्नशील विराटनगर-वासीहरूका लागि आयोगको यो सुझाउ अत्यन्त सुखद विषय हुनपुग्यो। वस्तुतालाई ग्रहण गरेर स्वीकृतिमा लिएको यो सुझाउ मुलुककै प्रगति र उन्नतिमा सार्थक परिणति उत्पन्न गर्न सक्ने हुन्छ भन्ने ठहर पनि यस क्षेत्रमा जनताले गरेको पाइन्छ। आयोगको सुझाउभन्दा अगाडिदेखि नै यस्तो शैक्षिक नीतिका लागि क्रियारत् प्रबन्ध समितिमा संलग्न व्यक्तिहरूका उत्साह अभिवृद्धि गरिएको अनुभव गर्न सकिन्छ। उच्चस्तरीय शिक्षा आयोगको प्रतिवेदनमा उल्लिखित नीतिका कारण र लामो समयदेखि पूर्वाञ्चलवासीका चाहना, विभिन्न समयमा भए गरेका निर्णय एवम् आग्रहलाई दृष्टिगत गरी २०४९ साल मार्ग २६ गते पूर्वाञ्चल क्षेत्रको मोरङ्गमा विश्वविद्यालय स्थापना गर्ने सम्वन्धमा सम्भाव्यता अध्ययन गर्ने ७ सदस्य कार्यटोली समाजसेवी श्री नारायणप्रसाद कोइरालाका अध्यक्षतामा श्री ५ को सरकारले गठन गऱ्यो (विवरण *अनुसूची-१३* मा संलग्न छ)। यस कार्य समितिले पूर्वाञ्चल क्षेत्रभित्रका क्याम्पसहरू समाजसेवी, वुद्धिजीवी प्राध्यापक व्यापारी, उद्योगपति राजनैतिक व्यक्ति समेत विशिष्ठ महानुभावसंग छलफल एवम् सम्पर्क गरी २०४९।१०।५ का दिन शिक्षा मन्त्रालयमा आफ्नो प्रतिवेदन प्रस्तुत गऱ्यो। यस प्रतिवेदनमा पूर्वाञ्चलको शैक्षिक स्थिति, आर्थिक सामाजिक स्थितिहरूको तथ्याङ्कहरूका आधारबाट विश्वविद्यालय स्थापना गरिनु पर्ने राय प्रकट गरी यस विश्वविद्यालयको नाम, कार्यालय, कार्यक्षेत्र, यसको स्वरूप, संगठन अध्यापन गरिने विषय, आर्थिक स्रोत शिक्षक कर्मचारीको व्यवस्थाका बारेमा सिफारिश गर्नुका साथै पूर्वाञ्चल विश्वविद्यालयको लागि आवश्यक हुने ऐनको मस्यौदा समेत पेश गऱ्यो। यस प्रतिवेदनका मुख्य सिफारिश सुझाव *अनुसूची-१४* मा संलग्न छन्। प्रतिवेदन तयारीका लागि यस

कार्यदलले २०४९।८।११ दिन साधन स्रोत परिचालन, प्रस्तावित विधेयक मस्यौदा, सुझाउ संकलन, प्रतिवेदन मस्यौदा उपसमिति (*अनुसूची-१५* अनुसारको) गठन गरी प्रतिवेदनलाई आकांक्षा र वास्तविकता बीचबाट यथार्थपरक बनाई प्रस्तुत गर्ने प्रयत्न गरेको अनुभव गरिन्छ। श्री ५ को सरकारबाट गठित कार्यदलले आफ्नो कार्य सञ्चालन गर्न लागेदेखि यस कार्यमा ठोस उपलब्धि भई विश्वविद्यालय स्थापना गरिने कुरामा सर्वसाधारण समेत आश्वस्त हुन पुगेका पाइन्छ। श्री ५ को सरकारको ध्यान पनि विशेष प्रकारबाट यसतर्फ केन्द्रीत भई सरकारकोतर्फबाट नै २०४९।१०।१५ गते विभिन्न क्षेत्रको प्रतिनिधित्व हुने गरी १७ सदस्यीय भएको सम्भाव्यता अध्ययन टोली गठन गरियो (*अनुसूची-१६* मा विवरण संलग्न गरिएकोछ।)

यस १७ सदस्यीय कार्य समिति विश्वविद्यालय परिशर निर्माणका लागि पूर्वपश्चिम राजमार्गमा जोडिएको ५०० विगाहा जग्गाको माग एवं अन्य ठाउँका ऐलानी र श्री ५ को सरकारको प्रयोगमा रही हाल प्रयोगमा नरहेका सरकारी स्वामित्वका जग्गाहरूको खोज र भौतिक, आर्थिक शैक्षिक योजनाको निम्ति छलफल विचार विमर्शलाई अगाडि वढाउनका साथै पूर्वाञ्चल विश्वविद्यालय स्थापनाका लागि विधेयक सदनमा प्रस्तुत गराउने, त्यसलाई पास गराउने कार्यमा आफ्नो क्षेत्रबाट सम्बन्धित महानुभावहरूलाई घच्घच्याउने सम्बन्धित पक्षमा रहेको अस्पष्टता शंका उपशंकाहरू दूर गर्ने कार्यमा क्रियाशील भयो। फलतः विधेयक सदनमा प्रस्तुत हुने र पास हुने कार्य पनि सम्पन्न भयो। पूर्वाञ्चल विश्वविद्यालय ऐन २०५० जारी भएपछि त्यस ऐनमा ऐन लागू हुने मिति श्री ५ को सरकारबाट तोकिनु पर्ने व्यवस्था भएकाले ऐन जारी भएपछि ऐन लागू हुने मिति तोक्न तथा पदाधिकारी नियुक्ति गर्न एवं सभाको गठन गरी विधिवत् कार्य प्रारम्भ गर्नका लागि उत्पन्न अवरोधहरू हटाउने सुझाउ सल्लाह पनि यस कार्य समितिले प्रदान गर्‍यो। त्यस्तै विश्वविद्यालयको साधनस्रोत विकसित गर्न विश्वविद्यालयलाई आत्मनिर्भर बनाउनका निमित्त चाल्नुपर्ने कदमका बारे आफ्नो अभिमत श्री ५ को सरकारलाई दियो। साथै पूर्वाञ्चलस्थित त्रिभुवन

विश्वविद्यालयका आंगिक क्याम्पसहरू पूर्वाञ्चल विश्वविद्यालयमा हस्तान्तरणका लागि आवश्यक नीति र प्रक्रिया श्री ५ को सरकारबाट निश्चित गरिनु पर्ने विचार यस समितिले सम्बन्धित पक्षलाई अवगत गरायो। यसरी पूर्वाञ्चल विश्वविद्यालयको पूर्वाधार को निर्माण विकास र विस्तारका निम्ति शततः प्रयत्नशील भएको यस कार्य समितिको प्रयत्न अत्यन्त सकारात्मक एवम् फलदायी हुनपुग्यो । समितिबाट प्रधान मन्त्री, शिक्षा मन्त्रीहरू एवम् नगर पालिका जिल्ला विकासका पदाधिकारी विभिन्न वुद्धिजीवी र यस भेगका शिक्षाप्रेमी समाजसेवीहरूको सकारात्मक क्रियाशील सोच निर्माणका निम्ति उल्लेखनीय योगदान प्रदान गर्न सक्षम सावित भयो। पदाधिकारीहरूको नियुक्ति नहुन्जेल यसै समितिले विश्वविद्यालयको कार्यलाई गतिशील बनायो। यसैबीच ऐन जारी भएपछि २०५१।१।१०।५ मा श्री ५ को सरकारले अर्थराज्यमन्त्री महेश आचार्यको संयोजकत्वमा १५ सदस्यीय उच्चस्तरीय तयारी समिति गठन गऱ्यो। जसको पूर्ण विवरण *अनुसूची-१७* मा समावेश छ ।

## पूर्वाञ्चल विश्वविद्यालयबाट कार्यारम्भ

पूर्वाञ्चल विश्वविद्यालयको ऐन २०५० को दफा १ को २ मा उल्लेख भए अनुसार श्री ५ को सरकारको निर्णय अनुसार २०५२ श्रावण १ गतेमा यो विश्वविद्यालयले कार्य प्रारम्भ गरेको हो । यसपछि विश्वविद्यालयका पदाधिकारीहरू नियुक्ति गरिने प्रक्रियामा विश्वविद्यालयका कुलपतिका हैसियतबाट प्रधानमन्त्रीहरूबाट कार्य प्रारम्भ गरिए । यस क्रममा तत्कालीन प्रधानमन्त्री कुलपति शेरबहादुर देउवाबाट पूर्वाञ्चल विश्वविद्यालयको ऐन अनुसारको प्रक्रियाबाट २०५२।११।२३ मा उपकुलपति ध्रुवनारायण लाल र मिति २०५२।११।२९ मा रजिष्ट्रार डा. भेषप्रसाद धमलाको नियुक्ति गरियो । यसरी लामो समयबाट भएको प्रयत्नले संस्थागत रूपमा आफ्नो क्रियाकलापको अवस्था प्राप्त गऱ्यो । श्री ५ को सरकारको विश्वविद्यालय स्थापनाको तथा यसको प्रयत्नमा संलग्न बुधजनले प्रस्ताव गरेको आधारमा ऐन स्वीकृत भई नआएकाले विश्वविद्यालयको कार्य शून्यबाट नै प्रारम्भ गर्नु पऱ्यो । नियमहरू नभएका र ऐनमा प्रारम्भकालीन कार्यविधि, कार्य प्रणाली र कार्य दिशा निर्देशित हुन नसकेको कारणले जटिल अन्यौल उत्पन्न हुन पुग्यो तर पनि तात्कालीन कुलपतिको सकारात्मक २०५३।१।३ को निर्देशनले शून्यबाट विन्दुको सिर्जना गरी काम प्रारम्भ हुन सक्यो । प्रधानमन्त्रीबाट भएको निर्देशन (*अनुसूची-१८*) ले अप्ठयारो खुकुल्याएको कुरा बुझ्न सकिन्छ ।

श्री ५ को सरकारबाट आर्थिक वर्ष २०५२।०५३ का लागि विश्वविद्यालयले रू. १२,००,०००।- अनुदान प्राप्त गऱ्यो । यसै वर्ष कार्यकारी परिषद्, सभाको गठन गरी आफ्नो कार्य सञ्चालन गर्नका लागि न्यून संख्यामा कर्मचारी फर्निचर र नेशनल ट्रेनिङ्ग लिमिटेड क्षेत्रीय कार्यालय विराटनगरको भवनको माथिल्लो तल्ला भाडामा लिई आफ्नो कार्यालय सञ्चालन गऱ्यो । २०५३ असार ९ गते यस विश्वविद्यालयको प्रथम बैठक प्रथम कुलपति शेरबहादुर देउवाको अध्यक्षतामा प्रधानमन्त्रीको कार्यकक्ष सिंहदरबारमा बस्यो । भौतिक, शैक्षिक एवं व्यवस्थापकीय प्रणालीबारे विश्वविद्यालय सभाले निर्देशन गऱ्यो । विकसित र उन्नत विश्वविद्यलायको रूपमा यस विश्वविद्यालयलाई पुऱ्याउने र पुऱ्याउनु पर्ने संकल्प पनि विश्वविद्यालय सभाले गऱ्यो । आफ्नो साधन स्रोतको यथोचित यथासंभव चाँजोपाँजो मिलाई द्रुतत्तर गतिमा विकसित गर्ने गराउने रणनीति विश्वविद्यालय सभाले लियो ।

पूर्वाञ्चल विश्वविद्यालय स्थापनाका प्रयत्नमा संलग्न हुने मातृकाप्रसाद कोइराला, भूपालमानसिंह कार्कीहरू, प्रतापनिधि शर्मा, नारायणप्रसाद कोइरालाहरू समेत अगुवाहरू सबैले पूर्वाञ्चल विश्वविद्यालय स्थापनाका प्रयत्नमा गरिएको अनुरोधमा पूर्वाञ्चलका कलेज/क्याम्पसहरूको संचालन र विकासका निम्ति विश्वविद्यालयको माग गरेको देखिन्छ। पुरानो हवाई फिल्डको जग्गा र आदर्श शिशु शिक्षा निकुञ्जको जग्गा पनि यसै प्रयोजनका लागि प्रदान गरिएको पाइन्छ। श्री ५ को सरकारबाट गठित कार्यदल कार्य समितिले पनि पूर्वाञ्चलस्थित त्रि. वि. का क्याम्पसहरू स्थापित हुने विश्वविद्यालयमा रहने गरी विश्वविद्यालय स्थापना गर्नुपर्ने राय दिएको छ। यसबाट उच्च शिक्षाको गुणस्तरमा वृद्धि, उच्च शिक्षाको व्यवस्थापनमा नियमितता, प्रतिस्पर्धाबाट प्राज्ञिक विशिष्टताको प्राप्ति र उच्च शिक्षाका अवसरको विस्तार हुने धारण स्पष्ट पारिएकोछ। राष्ट्रिय शिक्षा आयोग २०४९ को प्रतिवेदनमा पनि यसैलाई नै प्राथमिकता दिँदै सम्बन्धित विकास क्षेत्रमा अवस्थित हालका क्याम्पसहरू सम्बन्धित क्षेत्रमा विश्वविद्यालय स्थापना गरी तिनलाई सुम्पनु पर्ने ठोस् राय दिएको छ तापनि श्री ५ को सरकारबाट पूर्वाञ्चल विश्वविद्यालयको कार्य समितिले प्रस्तुत गरेको प्रतिवेदन कार्ययोजना र ऐनको मस्यौदाभन्दा भिन्न रूपमा 'पूर्वाञ्चल विश्वविद्यालय' ऐन २०५० स्वीकृत भएको छ। उक्त ऐनमा पूर्वाञ्चलका कलेज, क्याम्पसहरू र तिनका साधनस्रोत पूर्वाञ्चल विश्वविद्यालयका साधनस्रोत हुने धारणा पूर्णरूपमा तिरस्कृत छ। विगतका विचार सोच अस्वीकृत भएका र नयाँ नीति पनि स्पष्ट नभएका कारणले विश्वविद्यालय स्थापना औचित्य र आवश्यकता माथि विभिन्न प्रश्नचिन्हरू उठेका छन्। एउटा राष्ट्रिय बहस आलोचना र प्रत्यालोचना बीच सुस्पष्ट मार्गको सङ्केत हुन सकेको छैन। यसबाट विश्वविद्यालयको कार्य प्रगति तिव्रतर बनाउन बाधा उत्पन्न भएको छ। तैपनि प्राप्त साधन स्रोतको अधिकतम उपयोगबाट ऐनको उद्देश्य र परिधिभित्र रही राष्ट्रिय आवश्यकता, अन्य विश्वविद्यालयले विशेष ध्यान पुऱ्याउन नसकेको विषय क्षेत्र र स्थानमा उच्च शिक्षाको अवसर विस्तार गर्ने नवीनज्ञान र आलोकबाट समाजलाई आलोकित गर्ने आत्मनिर्भर, दक्ष, योग्य र प्रतिभाशाली नागरिकहरू उत्पादन गरी आफ्नो प्राज्ञिक विशिष्टतालाई विशेष उच्च बनाउने कार्यमा सुस्थिर तर सुदृढ पाइला पूर्वाञ्चल विश्वविद्यालय चलाइरहेको छ।

## पूर्वाञ्चल विश्वविद्यालयबाट भए गरेका केही कार्यहरु

- २०५३।४।१७ मा नियम तर्जुमा, शैक्षिक योजना, प्रशासनिक संगठनात्मक स्वरूप सम्बन्धी कार्यदलको गठन गरिएको र गठित कार्यदलहरूबाट आ-आफ्नो प्रतिवेदन २०५३ कार्तिक महिनामा प्राप्त ।
- २०५३ पौष महिना विश्वविद्यालय सभाबाट गठित नियम तर्जुमा समितिको बैठक बसी सोही समितिबाट पूर्वाञ्चल विश्वविद्यालय नियमावली २०५३ को खण्ड 'क' सांगठिक तथा शैक्षिक नियमावली, खण्ड 'ख' सेवा सम्बन्धी नियमावली र खण्ड 'ग' वित्तीय व्यवस्था नियमांवलीलाई अन्तिम रूप दिने कार्य सम्पन्न ।
- २०५३ साल फाल्गुनमा व्यवस्थापन संकायको डीनमा डा. अरूणकुमार दासलाई नियुक्त गरी मिति २०५४ साल भदौं २३ गते व्यवस्थापन क्याम्पसको स्थापना गरी बी. बी. ए. कक्षाको पठन पाठन प्रारम्भ ।
- कला संकायको स्नातक तहका नेपाली, अंग्रेजी, अर्थशास्त्र, राजनीतिशास्त्र, इतिहास, समाजशास्त्र तथा संस्कृति विषयहरूको पाठ्यक्रम तयारीका लागि पाठ्यक्रम तर्जुमा समिति गठन ।
- कला संकाय अन्तर्गत आवश्यक परेका विषय समिति तथा विद्यापरिषदको गठन भई प्रस्तुत भएको कला संकायतर्फ ३ वर्षे स्नातक तहको पाठ्यक्र्म प्राज्ञिक परिषदबाट स्वीकृत ।
- कला संकाय अन्तर्गत ३ वर्षे स्नातक तहको पठनपाठन गर्ने गरी धुलावारी क्याम्पस मेचीनगर झापालाई २०५५ को सत्रदेखि अस्थायी सम्वन्धन प्रदान ।
- विश्वविद्यालयको दीर्घकालीन आवश्यकता र विश्वविद्यालयलाई आत्म निर्भर बनाउने प्रयोजनले माग गरिएको मोरंग जिल्ला अन्तर्गत गछिया खोला पूर्व, सुकुना खोला पशिचम, केराबारी गा.वि.स. भन्दा दक्षिण, महेन्द्र राजमार्गको आवादी क्षेत्रको उत्तर सुन्दरपुर, इन्द्रपुर र मृगौलिया गा.वि.स. मा पर्ने ८०५ (आठसय पाँच) बिगाहा जग्गा श्री ५ को सरकारबाट विश्वविद्यालयलाई उपलव्ध ।

- श्री ५ को सरकारबाट विश्वविद्यालयको प्रयोग प्रयोजनका लागि उपलव्ध जग्गाको सीमाङ्कन गर्ने कार्य सम्पन्न भएको गुरू योजना तयार पार्न कार्यवाही शुरू ।
- २०५५ मार्ग १४ गतेका दिन विश्वविद्यालयको परीक्षा प्रमुखमा सह-प्राध्यापक कविराज न्यौपानेलाई नियुक्त ।
- झापाको बिर्तामोडमा अवस्थित कन्काई क्याम्पसलाई शैक्षिक वर्ष २०५६ देखि कला संकायतर्फको ३ वर्षे स्नातक तहको कक्षा सञ्चालन गर्नेगरी सम्बन्धन प्रदान ।
- व्यवस्थापन संकायतर्फ बी. कम. विषयको पाठ्यक्रमको निर्माण ।
- व्यवस्थापन संकायतर्फको ३ वर्षे स्नातक तहको कार्यक्रम सञ्चालन गर्ने गरी गोमेन्द्र बहुमुखी क्याम्पस, झापा बिर्तामोडलाई अस्थायी सम्वन्धन प्रदान । .
- २०५६ को शैक्षिक सत्रदेखि BACHELOR IN COMPUTER APPLICATION (BCA) तथा पत्रकारितामा POST GRADUATE DIPLOMA विषयको कक्षा सञ्चालन गर्ने तयारी ।
- शिक्षाप्रेमी, समाजसेवी, भूपालमानसिंह कार्कीद्वारा विराटनगर उपमहानगर पालिका वार्ड नं. २ मा भूपालग्राममा रहेको ५ कठ्ठा जग्गा विश्वविद्यालयलाई प्रदान गरिएकाले उक्त जग्गामा विश्वविद्यालयको केन्द्रीय कार्यालय राख्ने उद्देश्यले २०५५ पौष १३ गते जग्गादाताबाट भवनको शिलान्यास ।
- २०५४।५।४ मा विश्वविद्यालय सेवा आयोगको अध्यक्षमा सह-प्राध्यापक कृष्णप्रसाद पोखरेलको नियुक्ति ।
- सेवा आयोगको सदस्यमा २०५४।११।४ मा प्राध्यापक डा. हेमाङ्गराज अधिकारीलाईमनोनयन ।
- विश्वविद्यालय सेवा आयोगको काम कारवाही अघि बढाउन सेवा आयोग कार्यविधि निश्चित गर्न कार्यदल गठन गरिएको र उक्त कार्यदलको प्रतिवेदन प्राप्त ।

## अनुसूची–१

मोरंग जिल्लामा अघि पनि शिक्षा विकासतर्फ जिल्लाकै प्रयासबाट विभिन्न शिक्षा संस्थाहरू खडा भएकामा यस वखत कुनैको स्थिति राम्रो नदेखिएको, स्थिति दृढ गराउन र समय तथा युगको माग अनुसार उत्कर्ष गराउदैं लगी पूर्वाञ्चल क्षेत्रमा एक विश्वविद्यालय सम्म पुऱ्याउने ध्येय लिई भेला भएको बैठकले सो कार्य सम्पादन गर्नलाई मुख्य अर्थ संचयको विचार गर्दा अघि २०१३ सालमा मोरंग कालेजको भवन वनाउन शिक्षा विकास भनी पोतमा विगहा प्रति रू. एकका दरले ३ वर्षसम्म उठाई लिन पाउने सरकारको मोरङ्गमा सवारी भएका वखत विन्ती चढाउँदा स्वीकृति बक्सेबाट उठाइ भव्य भवन बनेको अब पनि एक स्थायी कोष निमित्त स्वीकृतिलिई निम्न लिखित रूपबाट शिक्षा सम्बन्धी सहायता असुल गरी एक स्थायी कोष खडागर्ने र सोकामको सदुपयोगका लागि एक ट्रष्ट्रिबोर्ड खडागर्ने समेत निधो भयो ।

१. आयको श्रोत निकासीमा निम्न लिखित दरले सहायता लगाई असुल उपरगर्ने ।

   क. जुटमा प्रतिमन पच्चीस पैसा,

   ख. जुट कटिङ्गमा प्रतिमन दश पैसा,

   ग. चामलमा प्रतिमन बीस पैसा,

   घ. धानमा प्रतिमन दश पैसा,

   ङ. तोरीमा प्रतिमन बीस पैसा,

   च. तेल निकासीमा प्रति टीन पच्चीस पैसा,

   छ. स्टेनलेस स्टिलमा प्रतिकिलो सात पैसा,

   ज. टेरलीन कपडामा प्रतिगज सात पैसा,

   झ. बोरा, हैसियन, सुतली ईत्यादि सहित प्रतिटन दश रूपियाँ,

२. निकासी मालमा उपरोक्त प्रतिशत लगाई लिएका दिएका सहायता रूपियाँको आयकर तिर्न नपरोस् भनी सरकारमा निवेदन गरी कर तिर्न नपर्ने गर्ने ।

३. उल्लिखित विषयमा सरकारका हजुरमा विन्ती गर्न जाने प्रतिनिधिहरूले जाँदा आउँदा समेत सबै खर्च आफैआफैले व्यहोरिने।

४. ट्रष्ट्रिबोर्डमा अन्चलाधीश, जिल्ला पञ्चायत सभापति र नगर पञ्चायत सभापति पदेन सदस्य रहने अरू सदस्य पदाधिकारीहरू विधान अनुसार निर्वाचित नहुन्जेल सक्रीय भाग लिनेहरूबाट सञ्चालक बनाई कार्य सम्पादन गर्ने।

५. यसकार्यलाई व्यवस्थित गर्ना निमित्त विधान बनाउने।

६. यसकार्यमा बढीसे बढी सहयोग तथा सदभावना निमित्त सबैसँग अनुरोध गर्ने।

७. यथार्थ विन्तीगरी स्वीकृति लिनका निमित्त यथाशिघ्र प्रतिनिधिहरू काठमाडौं पठाउने र चाँडोभन्दा चाँडो सक्रीय रूपले कार्य शुरू गरी विश्वविद्यालयको लक्ष पूरागर्ने।

८. यस महान कार्यमा उत्सुक भई सहयोग र सहमति दिने सबै महानुभावलाई परस्पर हार्दिक धन्यवाद आदान प्रदान गर्ने।

९. निकट भविष्यमा भेला भई सरकारका हजुरमा विन्तीगर्न जाने प्रतिनिधि तयगर्ने।

दस्तखत:

| | |
|---|---|
| भूपालमानसिंह कार्की | हंसराज गोल्छा |
| मातृकाप्रसाद कोइराला | कालुराम अग्रवाल |
| जुद्धबहादुर श्रेष्ठ | तोलाराम दुगड |
| मदनलाल अग्रवाल | चन्द्रबहादुर पाण्डे |
| शिवप्रसाद रिजाल | |

## अनुसूची–२ (क)

विन्तीपत्र

श्री ५ महाराजाधिराज सरकारका जुनाफमा,

सरकार,

सरकारको नेतृत्वमा मुलकको चौतर्फी विकास भइरहेको बखत मोरंग विराटनगर जस्तो औद्योगिक र व्यापारिक क्षेत्रमा धेरै समयदेखि उच्च शिक्षा प्राप्त गर्ने साधन एकमात्र मोरंग कालेज छ ।

२०१३ सालमा सरकारको सवारी मोरंग होइबक्सँदा स्थानीय जनता खासगरी जग्गावालाहरूले विन्ती चढाए बमोजिम शिक्षा विकास निमित्त मालपोतमा विगहट्टी लगाइ ३ वर्षसम्म सहायता उठाउने स्वीकृति बक्सेकोले नै आज मोरंग कालेज भवन खडा गर्न समर्थ भएका छौं । कालेज सुचारू रूपले चलाउन र उच्च शिक्षाका अरू कक्षाहरू थप्दै लगी भविष्यमा पूर्वाञ्चलमा सरकारको शुभ नाउँमा एउटा विश्वविद्यालय स्थापना गर्ने हामीहरूको लक्ष छ ।

त्रिभुवन विश्वविद्यालयसँग असामयिक प्रतिस्पर्धा गर्ने हाम्रो नीति होइन । तर, २००७ साल यता शिक्षाको क्षेत्रमा जुन अभूतपूर्व प्रगति भएको छ, त्यसैबाट अहिले देखिनै योजनाबद्ध तरिकाले समयको माँग अनुसार काम गर्नु पर्ने देखिन आएकोछ, सोही सन्दर्भमा पूर्वाञ्चलको जनसंख्या तथा आवश्यकताको अवलोकन गरी साथसाथै स्थानको ग्राह्यतालाई ध्यानमा राखी विराटनगरमा सरकारका नाउँमा विश्वविद्यालय खोल्ने हाम्रो अन्तिम लक्ष हो । काठमाडौं उपत्यका तथा आसपासका जिल्लाहरू समेतको जनसंख्याको आँकडा हेर्दा त्रिभुवन विश्वविद्यालयलाई विद्यार्थी संख्यामा कमी हुने आशंका रहँदैन, जहाँसम्म सो विश्वविद्यालयको व्यवस्थाको सवाल छ, त्यसको जरो बलियो हुँदै गएको र निकट भविश्यमा नै सुदृढ हुने अवश्यम्भावी नै छ ।

मोरंग कालेज खुलेको आज करीव १२ वर्ष भैसक्यो, यसमा छात्र संख्याको बृद्धिहुँदै गएको हुँदा तुलनात्मक दृष्टिले त्रिभुवन विश्वविद्यालय

एम. ए. को कक्षालाई उत्साहवर्धक संस्थामा विद्यार्थीहरू उपलब्ध भै रहेका छन्। तर, यता केही वर्षदेखि खासगरी पोहर सालदेखि राजधानीमा अभूतपूर्व महगीले गर्दा गरीबको त कुरै भएन मध्यम वर्गीय अविभावकहरूले आफ्ना छोरा छोरीहरूलाई काठमाडौं राख्न असमर्थ हुन लागेका छन् र साथसाथै समर्थवानहरू पनि राजधानीका तुलनामा कमै खर्चमा भारतीय विश्वविद्यालयमा पढाउनेतर्फ ध्यानदिन लागेका छन्। अतः यस परिस्थितिमा मोरंग कालेजमा नै श्री ५ महेन्द्र विश्वविद्यालय स्थापित नभएसम्म त्रिभुवन विश्वविद्यालय अन्तरगत केही विषयमा एम. ए. कक्षा खोल्नेतर्फ ध्यान जानु स्वाभाविक हुँदा यो साल एक विषयमा एम. ए. कक्षा खोल्ने र ५ देखि १० वर्षसम्ममा श्री ५ महेन्द्र विश्वविद्यालय खुल्न सकोस् भन्ने हाम्रो महान् अभिलाषा भएकाले सरकारका हजुरमा विन्ती चढाउछौं, आशा सार्थक हुनेछ भन्ने लागेकोछ।

कृषिमा आधारित अर्थ व्यवस्था भएको हाम्रो मुलुकमा सरकारबाट उठाइ बक्सेको भूमि सुधारको समयानुकूल र सराहनीय कदम्लाई सफल पार्न कृषिको उत्पादनमा बृद्धि हुनु नितान्त आवश्यकता छ । कृषि उब्जनीमा बृद्धि गर्न, गराउन सकेमात्र जन समाजको जीवनस्तर उक्ली राष्ट्रको प्रगति हुने हुँदा मलजल हाली आधुनिक तरिकाले खेतीको बाली एवम् उब्जनी बढाउने व्यवस्थाको उद्देश्यले तत्काल आइ. एस्सी. एगृकल्चर सेक्सन मोरंग कालेजमा खोली पछि त्यस विषयका कक्षा थप्दै लगी शिक्षा दिने पनि योजना गरेका छौं। स्वीकृति बक्से कृतकृत्य हुने थियौं। जो हुकुम ।

एग्रीकल्चर सेक्शन र पछि अरू उच्च कक्षाको व्यवस्थाका लागि कालेजको हाल भएको जग्गा पर्याप्त छैन, विराटनगर कञ्चनबारीमा नयाँ हवाई ग्राउण्ड तयार हुन थालिसकेकाले चाँडै नै हाल चलिरहेको हवाई ग्राउण्ड खाली हुने भएकोछ। सरकारबाट निगहा बक्सी वर्तमान हवाई मैदानको जग्गा र त्यस्मा बनेको घर समेत ईत्यादि कालेजलाई बक्स पाऊँ ।

मोरंग कालेजमा अघिनै बी. एल. क्लास खुलेको विभिन्न कारणबस् स्थगित गर्नु परेको थियो। विद्यार्थीहरू र शहर निवासीहरूको

विशेष आग्रहले गर्दा ल विभाग पुनः खोली पढाउने व्यवस्था गर्ने गरी योजना र साथसाथै देश र समयको माग अनुसार सरकारको सहयोग प्राप्त भएमा पोलिटेक्निक् शिक्षाको व्यवस्था गर्ने पनि हाम्रो उद्देश्य छ। मोरंग कालेजमा हाल भएको आई. एस्सी. कक्षालाई पनि बी. एस्सी. सम्म बढाई त्यसतर्फ समेत विकास गर्ने सोचेका छौं।

विन्ती चढाएको शिक्षा कार्यमा श्री ५ को सरकारबाट पाइने विभिन्न सहायताका साथै स्थानीय स्रोतबाट पनि अर्थ संकलन गर्नुपर्ने आवश्यकता महसुस् गरी जिल्लाका उद्योगपति, व्यापारी तथा अन्य प्रतिष्ठित व्यक्तिहरूको सभा बोलाई विचार विमर्श गर्दा जिल्लाबाट निकासा हुने केही मालमा निम्नलिखित तरिकाले सहायताका निमित्त अर्थ संलग्न गर्ने निर्णय गरेको छ। व्यवस्थित रूपले सहायता रकम असुल उपर गर्न अघि शिक्षा विकासका लागि विगहट्टी उठाउन निकासा बक्से बमोजिम निकासी हुने मालमा सहायता दिने, उठाउने रकम स्थानीय भंसार अड्डाबाट लगत लिई असुल गर्ने स्वीकृति बक्स पाऊँ।

१. जुटमा प्रतिमन पच्चीस पैसा,

२. जुट कटिङ्गमा प्रतिमन दश पैसा,

३. चामलमा प्रतिमन वीस पैसा,

४. धानमा प्रतिमन दश पैसा,

५. तोरीमा प्रतिमन वीस पैसा,

६. तेल निकासीमा प्रतिटीन पच्चीस पैसा,

७. इस्टेन्लेस स्टिलमा प्रतिकिलो सातपैसा

८. टेरालीन कपडामा प्रतिगज सात पैसा

९. बोरा, हैसियन, सुतली ईत्यादि सहितमा प्रतिटन दश रूपियाँ,

सार्वजनिक रकम हिनामिना नभै जुनकामको निमित्त उठाइरहेको छ सोही काममा सुव्यवस्थितरूपले खर्च गर्नाको निमित्त एक ट्रष्ट्रिबोर्ड खडागरी सो बोर्डमा अञ्चलाधीश, जिल्ला पञ्चायत नगर पञ्चायत समेतको सभापति राखी समयानुकुल विधान बनाउने भएका छौं।

यसरी सार्वजनिक काममा उठेको रकममा सहायता दिने लिने संस्था वा व्यक्तिलाई सो रकममा कुनै प्रकारको कर नलागोस् भन्ने पनि सादर विन्ती गर्दछौं ।

माथि उल्लिखित रकमबाट ट्रष्टका हातमा अनुमानित ५ लाख २५ हजार प्रतिवर्ष जम्मा हुने देखिन्छ जसबाट साल बसाली ३ लाख ७५ हजार छुटयाई जम्मा गर्दै लैजाने र मोरंङ्ग कालेजलाई तह बढाउँदै भविष्यमा श्री ५ महेन्द्र विश्वविद्यालयमा परिणत गर्ने सो अभियानमा टेक्निकल संस्थाहरू पनि समावेश गराउने हाम्रो योजना भएकोमा अहिलेसम्म मोरंग कालेज आफ्नै खुट्टामा उभिएकोले यसलाई दह्रो पार्न प्रोत्साहन दिनानिमित्त सरकारले उचित व्यवस्था गर्न आवश्यक हुन आएको छ । जहाँसम्म स्थानीय सहयोगको सवाल छ त्यसमा अनुमानित सालीआना उठ्ने ५ लाख २५ हजारमा सबै खर्च गर्दा हामीहरूको अन्तिम ध्येय विश्वविद्यालयको स्थापनालाई सहायता हुन नसक्ने सम्झी रू. १ लाखसम्म कालेजको विभिन्न सहायता कार्यमा र रू. ५० हजार विराटनगरको विभिन्न शिक्षा र सामाजिक विकासका योजनामा ट्रष्टले निर्णय गरे बमोजिम खर्च गर्ने गरी अरू बाँकी रू. ३ लाख ७५ हजार विश्वविद्यालयको पाइलोदेखि स्थापनासम्मका कार्यमा लगाउने विचार हो । संग्रह गरिएको रकम विन्ती गरेका कक्षाहरूका निमित्त मात्रै खर्च गरेमा भविष्यका विकासको आधार नै लुप्त हुन जाने र हाम्रो प्रयासको अर्थ नै हराउने छ । अतः हामी सरकारसँग यो विन्ती गर्दछौं कि मोरंग कालेजको वर्तमान अवस्थासम्मको कार्यमा चाहिनेमध्ये श्री ५ को सरकारबाट रू. १ लाखको वार्षिक अनुदान पाऊँ ।

अर्को विषय यस कालेजको नाउँतर्फ पनि हामी सजग भएका छौं। हुन त सरकारका शुभनाउँमा अधिराज्यमा निकै कालेजहरू छन् तर मोरंग कालेजको आफ्नै विशेषता छ र मोरंग कालेजप्रति सरकारको अमूल्य सदभावना हुँदा हामी प्रेरित भएका छौं, सरकारको सवारी मोरंगमा भएका बखत २०१३ सालमा जिल्लाका जनताको भावना र इच्छाको कदर गरिबक्सी विगहट्टी संकलन गर्न निगहा बक्सेबाट यस कालेजको समुचित भवन र वीस विगहा जग्गाको विशाल प्रांगणको

व्यवस्था हुन सक्यो फेरि सरकारका बाहुलीबाटै भवनको उद्घाटन सुसम्पन्न भएकोमा यस कालेजप्रति सरकारको आत्मीयता महसुस गर्दछौं । अतः यस कालेजको नाम श्री ५ महेन्द्र मोरंग कालेज राख्न सरकारबाट अनुमति पाए हामी अहोभाग्य संझिने थियौं ।

यस कालेजको तत्कालीन समस्या समाधान गरी यसको ठोस रूपदिन हामी सबै सक्रिय भएका छौं जो त्यसै अनुपातमा श्री ५ को सरकारबाट सहयोग तथा सहायता पाउने पनि विश्वास राखेका छौं । अधिराज्यका विभिन्न कालेजहरूलाई आर्थिक अनुदान प्रदान गर्दा श्री ५ को सरकारबाट एउटै नीति अपनाइनेछ भन्ने लागेको हो तर गतवर्ष एउटा फ्याकल्टी भएको कालेजहरूमा वितरण भएको अनुदान र तीन-तीन वटा फ्याकल्टी भएको मोरंग कालेजले जम्मा रू. ५८,०००।- अन्ठाउन्न हजार मात्र पाएको हुँदा माथि विन्ती चढाए अनुसार रू. १ लाख सहायता पाऊँ ।

यता केही दिन अघि निर्माणको कामलाई केही कालेजहरूलाई श्री ५ को सरकारले अतिरिक्त अनुदान प्रदान गरेको रेडियोबाट विदित भएको हुँदा हाल भएको भवनमा थप विस्तार औ भएकैमा अर्थाभावमा रहन गएको अधुरो कामहरू पूरागर्न श्री ५ को सरकारबाट रू. १,२५,०००।- एक लाख पच्चीस हजार निर्माणार्थ अतिरिक्त अनुदान यस कालेजलाई पनि बक्से ठूलो निगहा संझिने थियौं र कार्य सम्पन्न हुन सक्ने थियो। जो निगाह ।

आर्टस, कमर्स तथा साइन्स विभागहरू भएको नेपाल अधिराज्य भरमा त्रिचन्द्र कालेज बाहेक यो मात्र एउटै कालेज भएकाले पूर्वाञ्चल क्षेत्रमा यसंको महत्व बढ्दै गएको हुँदा आसपासका ३/४ अञ्चलबाट पनि प्रसस्त विद्यार्थीहरू अध्यनार्थ आउने गरेकाले तिनीहरूको बसोवासका लागि अहिले भएको छात्रावासको अतिरिक्त एकसहे छात्रहरूको निमित्त अति आवश्यक छ । अतः सोकाम सम्पन्न गर्नलाई रू. ३,००,०००।- तीन लाख चाहिने भएकाले जाहेर गरेका छौं सहानुभुतिपूर्वक विचार भै पाउने आशा राखेका छौं ।

स्थानीय औ सरकारी सहायताबाट खरिदगरी काममा प्रयोग भएको विज्ञापनको सरसामान सकिदै, निखिदै गएको र यता छात्र संख्यामा वृद्धि हुदै गएकाले सरसामानका लागि रू. ६०,०००।- साठी हजार अनुदान पाऊँ भनी बिन्ती गर्दछौं ।

माथि विन्ती चढाएको कालेजको वर्तमान अवस्थाको व्यवस्था कार्यलाई यो सालदेखि सालीयाना १,००,०००।- एक लाख सहायता पाऊँ भनी विन्ती चढाए बाहेक अन्य थप नयाँ कक्षाहरूलाई निम्न लिखित सालको रू. ९३,८५०।- त्रियानब्बे हजार आठसय पचास चाहिनेमा आधा (पचास प्रतिशत) रू. ४६,९२५।- छयालीस हजार नौसय पच्चीस सालबसाली सहायता पाऊँ ।

क. 'एगृकल्चर आइ. एस्सी.' विभागलाई वर्षको ३०,०५०।- तीस हजार पचास चाहिनेमा कालेज फिसबाट करीव रू. ४,८००।- चार हजार आठसय आउने कटाई बाँकी रू.. २५,२५०।- पच्चीस हजार दुईसय पचास को आधा रू. १२,६२५।- बाह्र हजार छसय पच्चीस ।

ख. 'ल' विभागलाई वर्षको रू. २२,५००।- वाइस हजार पाँचसय चाहिनेमा फिसबाट करीब रू. ७,२००।- सात हजार दुईसय आउने कटाई बाँकी रू. १५,३००।- पन्द्र हजार तीनसयको आधा रू. ७,६००।- सात हजार छसय ।

ग. 'वी. एस्सी' कक्षाको निमित्त वर्षको रू. ३३,८००।- तेत्तीस हजार आठसय चाहिनेमा फिसबाट करीब रू. ३,६००।- तीन हजार छसय आउने कटाई बाँकी रू. ३०,२००।- तीस हजार दुईसय को आधा रू. १५,१००।- पन्द्र हजार एकसय ।

घ. 'एम. ए.' एक विषयलाई वर्षको रू. २७,३००।- सत्ताइस हजार तीनसय चाहिनेमा फिसबाट करीव रू. ४,२००।- चार हजार दुईसय आउने कटाई बाँकी रू. २३,१००।- तेइस हजार एकसय को आधा रू. ११,५५०।- एघार हजार पाँचसय पचास ।

आइ. एस्सी. एगृकल्चर र बी. एस्सी. प्रयोगशाला समेतका निमित्त पटके अनुदान रू. २,००,०००।- दुई लाख पाऊँ भनी बिन्ती गर्दछौं ।

सरकार जो हुकम !

हामी हौं सरकारका अनन्य भक्त

उच्च शिक्षा विकासका निमित्त विन्ती चढाउन आएका प्रतिनिधिहरू

## अनुसूची–२ (ख)

बिन्ती पत्र ।

श्री ५ महाराजाधिराज सरकारका जुनाफमा,

सरकार,

पूर्वाञ्चलका व्यक्ति हामीहरूमा उच्च शिक्षाको विकास गराउने भावना जागृत भै प्रतिनिधिहरू राजधानी आई दर्शन पाऔं भनी विन्तीपत्र जाहेर गर्दा निगाहाबाट दर्शन वक्सिँदा उच्च शिक्षाको विकास गराउन बिन्ती साथै मांग पत्र पढाउँदा हुकुम बक्स भए मुताविक श्री प्रधान मन्त्रीज्यूले निकासा दिनु भएर पनि मुख्य-मुख्य सम्बन्धमा सम्बन्धित तहबाट निकासा नदिएकाले मोरंग उच्च शिक्षा विकासको सेवक पुनः सरकारका जुनाफमा बिन्ती चढाउन काठमाडौं आएको बखत कृषि कालेजको स्थापना मोरंग उच्च शिक्षा विकास ट्रष्टले विराटनगरमा गर्न नपाई अरू जिल्लाले स्थापना गर्न पाउने भयो रे भन्ने सुनेकाले मोरंग विराटनगरमै स्थापना हुने गरी पाउं भनी यही आश्विन २ गते विन्तीपत्र जाहेर गरेपछि निगाहबाट हिजो ४ गते दर्शन पाउँदा यथार्थ विन्ती चढाउने मौका पाएको र सरकारबाट करूणापूर्वक मार्गदर्शनका साथै पूर्वाञ्चलमा विश्वविद्यालय स्थापना गर्न पाउँछौं भनी मौखिक हुकुम वक्स भै विन्तीपत्र ल्याएकाछौं भन्ने हुकुम हुँदा दर्शन बक्सिने आज थाहा पाउनासाथ हाजिर भएको हुनाले तयार गरी ल्याएको छैन भोलि नै चढाई पठाउँछु भनी विन्ती चढाए अनुसार यो विन्तीपत्र जाहेर गर्दछु ।

पूर्वाञ्चलमा उच्च शिक्षाको स्तर वढाउँदै ५ देखि १० वर्ष सम्ममा देशलाई सुहाउँदो आफ्नो ढंग र व्यवस्थाको विश्वविद्यालय खुल्न सकी जसबाट जन समाजको हितका साथै देशको आवश्यकता पूरा गर्ने कार्यमा सहयोग हुन सकोस् भन्ने हेतु ली विराटनगरदेखि भू. पू. प्रधानमन्त्री मातृकाप्रसाद कोइराला, कोशी अञ्चलाधीश शिवबहादुर थापा, मोरंग जिल्ला पञ्चायतका सभापति चैतुलाल चौधरी, मोरंग कालेजका सेक्रेटरी प्राचार्य, मोरंग उद्योग संगठनका अध्यक्ष जुद्धबहादुर श्रेष्ठ, व्यापारिक प्रतिनिधि कालुराम अग्रवाल, मदनलाल अग्रवाल, रामलाल गोल्छा र सेवक समेतका १४ जना प्रतिनिधि राजधानी काठमाडौं आई

२०२३ माघ ९ गते सोमबार दर्शन निगाहा हुँदा मौखिक विन्ती चढाई बाहुलीमा विन्ती पत्र समेत चढायौं जसमा हुकुम बक्स भए वमोजिम मोरंग कालेजलाई सरकारको शुभ नाम श्री महेन्द्र मोरंग कालेज राख्ने, सो कालेजले वार्षिक ५० हजार सहायता पाई आएकोमा ५० हजार थपी १ लाख आर्थिक सहायता हुने कालेज भवन मर्मत औ थप्न र छात्रावास बनाउन सहायता पाउने र उच्च शिक्षा सञ्चालनलाई उच्च शिक्षा विकास सहायता कोष उठाई आएको स्वीकृति र नयाँ हवाई मैदान तयार भै चालु भएपछि हाल चालु भैराखेको हवाई मैदानको जग्गा र त्यसमा वनेको घर समेत दिने निकाशाका साथै कृषि कालेज, बी. एस्सी, एम. ए. एवं ल का कक्षाहरू चलाउने सम्वन्धमा तपाईहरूले व्यक्त गर्नु भएको विचार उत्तम छ। यस सम्बन्धमा त्रिभुवन विश्वविद्यालय ऐन अन्तर्गत कार्य गर्नु पर्ने भएकाले विश्वविद्यालयसँग सम्पर्क राखी यौटा विशेषज्ञहरूको समितिद्वारा यस सम्बन्धमा छानवीन गराई आवश्यक व्यवस्था गरिनेछ र आशा छ विश्वविद्यालयबाट यस विषयमा सहानुभूति पूर्वक विचार हुनेछ। अनुदानका हकमा स्वीकृति प्राप्त भएपछि विचार गरिनेछ भन्ने प्रधानमन्त्री श्री सूर्यबहादुर थापाले प्रतिनिधि मण्डलका अगुवा मातृकाप्रसाद कोइराला, भूपालमानसिंह कार्कीलाई २०२३ साल माघ १८ गते ३ मा लिखित निकासा दिनु भएको हो तापनि कक्षा थप्ने समेतका विषयमा आजसम्म स्वीकृति पाएको छैन। त्यसकारण उद्देश्य अनुरूप काम गर्न नपाएकाले मोरंग उच्च शिक्षा विकास ट्रष्टद्वारा पूर्वाञ्चल मोरंग विराटनगरमा कृषि महाविद्यालय साथै विश्वविद्यालय स्थापना गर्ने निकाशा बक्स पाऊँ।

विश्वविद्यालय तहसम्म संचालन खर्च मध्ये आधा व्यहोरिने रहेको छ। वास्तवमा ट्रष्टको उद्देश्य नसुध्रेसम्म श्री ५ को सरकारबाट ७५ प्रतिशत पाउने बाँकी २५ प्रतिशत मोरंग उच्च शिक्षा विकास ट्रष्टले आर्थिक कोषका निमित्त हाल भारतको जोगवनी सीमा यताको नेपाल रानी भंसार नजिकै सहायता उठाई आए जस्तै मेची, कोशी, सगरमाथा अंचलबाट उठाउने सहायता र उद्योग तथा व्यापारी वर्ग र अरू व्यक्ति एवं अन्य स्थानीय स्रोत एवं सहायताद्वारा आएको रकमबाट बेहोरिने योजना अनुसार जाहेर गर्दछु।

मोरंग विराटनगरमा विश्वविद्यालय स्थापना कार्यलाई जग्गा विगाह २ सयभन्दा बढी नै आवश्यक पर्दछ। भरसक एकै ठाउँमा चक्ला मिलेको हुँदा उत्तम हुने हुनाले हाल मोरंग कालेजको चानचुन २१ विगाहा र बक्सेको हवाई मैदानको २४ विगहा भए जति होला। दुवै जोडी जग्गा ४५ विगाह हुन्छ। अरू १६० विगहा भए २०५ विगहा हुने हुँदा मोरंग कालेज र वक्सेको हवाई मैदानको जग्गा सँगै साध मिलाई लिन हाल घरहरू नवनेको खाली जग्गा मात्र पर्छ। अहिले लिन नसके पछि घरहरू वनाउने र अन्य कुनै विशेष काम गर्नसक्ने त्यस हालतमा मूल्य धेरै दिनु पर्ने वनेका घर इत्यादि उच्च शिक्षा विकासलाई उपयुक्त नहुने कारणले सो जग्गा श्री ५ को सरकारले अधिकरण गरी हाल चलन चल्तीको दर विगहा भएको रू. ३,०००।- ले १६० विगहालाई रू. चार लाख अस्सी हजार समेत दिई दिनु भन्ने हुकुम प्रमांगी गरी पाऊँ। सरकार, जो निगाहा, जो हुकुम।

सदा सेवक,

(भूपालमानसिंह कार्की)
वृ. ज.
मोरंग उच्च शिक्षा विकास ट्रष्ट

कालिकास्थान,
मितिः- २०२४।६।५।५

## <u>अनुसूची–३</u>

सूर्यबहादुर थापा
प्रधानमन्त्री,
श्री ५ को सरकार, नेपाल

प. सं.:-　　　　　　　　　　　　　　　　मिति:- २०२३।१०।१८।३

श्री मातृकाप्रसाद कोइराला
श्री भूपालमान सिंह कार्की
राधाकुटी, पुतली सडक
<u>काठमाडौं।</u>

महोदय,

तपाईहरू समेत ९ जना व्यक्तिहरूले उच्च शिक्षाको विकास गर्ने विषयमा श्री ५ महाराजाधिराजका हजुरमा चढाउनु भएको विन्तीपत्रमा कारवाही हुँदा तल लेखिए वमोजिम निर्णय भएकोले सूचना गरेको छु।

१. कालेजको नाउँ महेन्द्र मोरंग कालेज राख्न <u>श्री ५ महाराजाधि-राजबाट</u> स्वीकृति बक्सेको छ।

२. विराटनगरमा नयाँ हवाई मैदान रहेको जग्गामध्ये क्याम्पसको निमित्त १० विगाहलाई छोडी अरू बाँकी जग्गा र त्यसमा बनेको घर समेत मोरंग कालेजलाई दिने निर्णय भएको छ।

उपरोक्त दुई कुरा बाहेक अरू कुराहरूमा तल लेखिए अनुसार कारवाही गरिने भएको छ।

१. कृषि कालेज, बी. एस. सी., एम. ए. एवं लका कक्षाहरू चलाउने सम्बन्धमा तपाईहरूले व्यक्त गर्नु भएको विचार उत्तम छ। यस सम्बन्धमा त्रिभुवन विश्वविद्यालय ऐन अन्तर्गत कार्य गर्नुपर्ने भएकाले विश्वविद्यालयसित सम्पर्क राखी एउटा विशेषज्ञहरूको समिति-द्वारा यस सम्बन्धमा छानविन गराई आवश्यक व्यवस्था गरिने छ र

आशा छ विश्वविद्यालयबाट यस विषयमा सहानुभूतिपूर्वक विचार हुनेछ ।

२. व्यापारीहरूबाट शिक्षण संस्थाको निमित्त उठाएका चन्दा लेखिए वमोजिम प्रयोग गर्नु उचित छ । यस कार्यमा श्री ५ को सरकारले चाहिंदो सहयोग सम्बन्धित कर्मचारी मार्फत दिलाउने छ ।

३. मोरंग कालेजलाई वार्षिक अनुदान एक लाख रूपैयां आगामी वजेटबाट दिने व्यवस्था गरिनेछ ।

४. भवन निर्माणका निमित्त माग गर्नुभएको रू. १ लाख २५ हजारमा ६० हजार यस आर्थिक वर्षको वजेटबाट र बाँकी आगामी आर्थिक वर्षको वजेटबाट दिइनेछ ।

५. छात्रवासको निमित्त माग गर्नु भएको तीन लाख रूपैयाँ आगामी आर्थिक वर्षको बजेटबाट उपलव्ध गराइनेछ ।

६. विज्ञानको सरसामान खरीद. गर्न माग्नु भएको रू. ६० हजार यस आर्थिक वर्षमा २५ या ३० हजारसम्म उपलब्ध गराई बाँकी आगामी आर्थिक वर्षमा दिइनेछ ।

७. अन्तिम प्यारामा उल्लेख गर्नुभएको आर्थिक अनुदानका हकमा विश्वविद्यालयबाट लेखिएका विभागहरू खोल्ने स्वीकृति प्राप्त भए पछि विचार गरिनेछ ।

भवदीय,

(सूर्यबहादुर थापा)
प्रधानमन्त्री
श्री ५ को सरकार

अनुसूची–४

# श्री प्रमुख सचिव
## राजदरबार
## नेपाल

मिति: २०२४।६।१७।३

वृ. ज. श्री भूपालमान सिंह,

विश्वविद्यालयको कामलाई लाग्ने थप जग्गा विगाहा १६० एकसय साठी अधिग्रहण गरी पाऊँ र सोलाई चाहिने रू. चारलाख अस्सी हजार पाऊँ भन्ने समेत बारेको मिति २०२४।६।५।५ को विन्तीपत्रको व्यहोरा श्री ५ महाराजाधिराजका हजुरमा जाहेर हुँदा, यसमा प्रधानमन्त्रीले हेरर पटक-पटक गरेर पाउने गरी दिनु भन्ने हुकुम बक्सेको छ ।

(मि. सु. ईश्वरीमान)
सचिव

बृ. ज. श्री भूपालमानसिंह कार्की,
कालिकास्थान ।

## अनुसूची–५(क)

**श्री ५ महाराजाधिराजका जुनाफमा विन्ती चढाउने महानुभावहरूको नामावली–**

१. महारथी मातृकाप्रसाद कोइराला
२. बृ. ज. भूपालमानसिंह कार्की
३. शैलेशकुमार उपाध्याय -रा. यो. आ.(उपाध्यक्ष)
४. शान्ता पोखरेल -राजसभा सदस्य
५. सुरेन्द्रबहादुर बस्नेत -रा. पं. स.
६. नगेन्द्रप्रसाद रिजाल
७. चैतुलाल चौधरी -रा. पं. स.
८. उपेन्द्रबहादुर कार्की -रा. पं. स.
९. ताराप्रसाद उपाध्याय -अञ्चलाधीश कोशी
१०. हरकुमारसिंह -रा. पं. स.
११. शंकरमानसिंह अधिकारी -रा. पं. स.
१२. लक्ष्मीराजभक्त नेपाली -रा. पं. स.
१३. जुद्धबहादुर श्रेष्ठ -सभापति उद्योग बाणिज्य संघ
१४. विष्णुकुमार तुम्बाहाम्फे -रा. पं. स.
१५. कालुराम अग्रवाल, राइसमिल्स - सभापति
१६. शिवबहादुर थापा -संरक्षक- उ. वि. मो.
१७. नवरंगराय लोहिया -संचालक अशोक टेक्सटायल
१८. मदनलाल अग्रवाल -सभापति मोरंग व्यापार संघ
१९. रामलाल गोल्छा -अध्यक्ष गोल्छा अर्गनाइजेशन
२०. रामप्रताप अग्रवाल, रंगेली
२१. महाप्रसाद रिजाल
२२. तोलाराम दुगड -अध्यक्ष नेपाल स्ट्रावोर्ड
२३. गोपालप्रसाद शर्मा -प्राचार्य, म. मो. कलेज
२४. हर्षचन्द विश्वास -सभापति मो. जि. पं.

बत्तीस पुतली काठमाडौं,
साल २०२६ पौष १ गते रोज ५ मा

अनुसूची–५(ख)

*राजदरबार*
*नेपाल /*

मितिः पौष २२, २०२६

विषयः- विश्वविद्यालय स्थापना गर्ने स्वीकृति पाऊँ भन्ने बारे ।

मानीय प्रधानमन्त्री श्री कीर्तिनिधि विष्ट, सिंहदरबार, काठमाडौं

उपरोक्त विषयमा, काठमाडौं, बत्तीसपुतलीबाट मातृकाप्रसाद कोइराला तथा भूपालमानसिंह कार्की समेतले मिति २०२६।९।१७ मा चढाएको विन्तीपत्रको व्यहोरा श्री ५ महाराजाधिराज सरकारका हजुरमा जाहेर हुँदा यसमा व्यहोरा साँचो भए अघिको हुकुम प्रमांगी बमोजिम तुरून्त गरी दिनु र शिक्षा तथा थप विषयमा समेत प्रधानमन्त्रीले बुझी त्रिभुवन विश्वविद्यालय समेत सम्पर्क राखी उचित व्यवस्थापन गरी दिनु भन्ने हुकुम बक्सेबमोजिम निजहरूको पाना ८ भएको विन्तीपत्र यसै साथ राखी सूचना गरेको छु ।

मी. सु. ईश्वरीमान
प्रमुख निजी सचिव

बोधार्थ :-
श्री मातृकाप्रसाद कोइराला
वृ. ज. भूपालमानसिंह कार्की
विराटनगर ।

## अनुसूची–६

### २०४३ साल बैशाख ९ गते गठित संयोजन समिति–

| | | |
|---|---|---|
| १. | प्रतापनिधि शर्मा | संयोजक |
| २. | जिल्ला पञ्चायत, मोरंग | सदस्य |
| ३. | नगर पञ्चायत, विराटनगर | " |
| ४. | व्यापार संघ मोरंग | " |
| ५. | उद्योग संघ मोरंग, विराटनगर | " |
| ६. | सनातन धर्म सेवा समिति सभापति | " |
| ७. | हरकुमारसिंह | " |
| ८. | जीवेश्वर लाखे | " |
| ९. | पं. मेघराज शर्मा | " |
| १०. | कालीकुमारलाल | " |
| ११. | शिवप्रसाद रिजाल | " |
| १२. | हंसराज गोल्छा | " |
| १३. | गोपीकृष्ण अग्रवाल | " |
| १४. | किशनलाल दुगड | " |
| १५. | ज्ञानचन्द दुगड | " |
| १६. | जगतबन्धु कार्की | " |
| १७. | मार्कण्डेय आचार्य | " |
| १८. | भेषप्रसाद धमला | " |
| १९. | लक्ष्मीराजभक्त नेपाली | " |
| २०. | राजकुमार पोखरेल | " |
| २१. | चारजना क्याम्पस प्रमुखहरू | " |
| २२. | दुईजना प्रधानाध्यापकहरू | " |
| २३. | महाप्रसाद रिजाल | " |
| २४. | गोपालप्रसाद शर्मा | " |
| २५. | विष्णुराज आचार्य | " |

## अनुसूची–७

श्री ५ महाराजाधिराज सरकारको ४२ औं शुभ जन्मोत्सवको शुभ-उपलक्ष्यमा आज मिति २०४३।९।१३।१ का दिन सम्माननीय राजसभा स्थायी समितिका भूतपूर्व सभापति सहायक रथी श्री भूपालमानसिंह कार्कीको सभापतित्वमा बसेको शिक्षाप्रेमी, समाजसेवी, उद्योगपति, भूमिपति, बुद्धिजीवी, व्यापारी एवम् व्यवयायीहरूको बैठकले पूर्वाञ्चलमा विश्वविद्यालय स्थापना गर्ने गराउने सम्बन्धमा आवश्यक विचार विमर्श गरी सर्वसम्मतिबाट निम्न बमोजिम निर्णय गऱ्यो-

प्रस्ताव नं. १

विगत वर्षहरूमा विराटनगरमा विश्वविद्यालयको आवश्यकता अनुभव गरी स्थापना गर्ने सम्बन्धमा विभिन्न प्रयासहरू भएका थिए। खासगरी उच्च शिक्षा विकास ट्रष्टबाट यस विषयमा भए गरेका प्रयासहरू अत्यन्त उल्लेखनीय छन्।

श्री ५ महाराजाधिराज वीरेन्द्रवीरविक्रम शाहदेव सरकार शिक्षा क्षेत्रको समुचित विकासका लागि चिन्तित् होइबक्सन्छ। शिक्षा क्षेत्रमा हाल देखा परेका अनेक कमजोरीहरूतर्फ मौसूफ सरकारबाट प्राइवेट प्ररीक्षा खुला गर्ने, प्राइवेट क्याम्पसहरू खोल्नेतर्फ मौसूफ सरकारबाट भएका अत्यन्त आवश्यक एवम् सामयिक हुकुम भएका निर्देशनहरू उल्लेखनीय छन्। हाल चालु एक विश्वविद्यालय प्रणालीबाट त्रिभुवन विश्वविद्यालय माथि आई परेका विभिन्न प्रकारका बोझहरूले शैक्षिक समस्यालाई बढी जटिल बनाएको विषयतर्फ मौसूफको ध्यान आकर्षित भएको र तदनुसार शिक्षा नीति तर्जुमा गर्ने क्रममा उच्च शिक्षा शाही आयोग गठन गरिबक्सेको विषय अत्यन्त महत्वपूर्ण छ।

वास्तवमा मेचीदेखि महाकालीसम्म छरिएर रहेका करीब ६९ त्रि.वि. क्याम्पस र करीब ४९ निजी क्याम्पसहरूको रेखदेख, पठनपाठनको व्यवस्था, परीक्षा संचालन, परीक्षाफल, विद्यार्थी अनुशासन, शिक्षक

कर्मचारीको प्रशासन इत्यादिबाट उत्पन्न बोझ एउटै विश्वविद्यालयबाट बहन गराउनु पनि औचित्य नभएको स्पष्ट भइसकेको छ ।

मौसूफ सरकारबाट बक्स भएको निर्देशन बमोजिम एशियाली मापदण्ड बमोजिम शिक्षा क्षेत्रमा उपलब्धि प्राप्त गर्न पनि क्याम्पसहरूको संख्या बढाउँदै लैजानुका साथै गुणस्तरको संवर्धन गर्नु परेको छ । काठमाडौंमा हाल देखा परिरहेको स्नातकोत्तर विद्यार्थी संख्याको चापलाई विकेन्द्रीत गर्नु पनि अत्यन्त आवश्यक भैसकेको छ ।

यिनै तथ्यहरूलाई ध्यानमा राखी विराटनगरमा विश्वविद्यालय स्थापना गर्ने प्रयास फेरि प्रारम्भ भएको हो । श्री ५ महाराजाधिराज वीरेन्द्रवीरविक्रम शाहदेव सरकारबाट पूर्वाञ्चलमा सवारी भैबक्सेको शुभ अवसरमा पूर्वाञ्चलका सम्माननीय र माननीयहरू, साहूमहाजनहरू, बुद्धिजीवी र समाजसेवीहरूले २०३९।१०।३ मा विन्तीपत्र चढाई पूर्वाञ्चलमा विश्वविद्यालयको आवश्यकता जाहेर गर्ने सौभाग्य पाएको हो । यसैक्रममा विराटनगरको वीरेन्द्र सभागृहमा २०४३।१।९ का दिन डा. लक्ष्मण शास्त्रीको सभापतित्वमा बसेको बृहत् बैठकले पूर्वाञ्चलमा विश्वविद्यालयको स्थापना गर्ने अवश्यकता अनुभव गरी तत्सम्बन्धी कार्यलाई अगाडि बढाउन र श्री ५ को सरकारसँग आवश्यक सम्पर्क गर्ने एउटा तदर्थ समिति र त्यस अन्तर्गत एउटा संयोजक समिति समेत गठन गरेको प्रस्तुत प्रसँगमा उल्लेखनीय छ ।

उक्त तदर्थ समितिले पटक पटक बैठक बसी श्री प्रतापनिधि शर्माको संयोजकत्वमा पटक पटक श्री ५ को सरकार समक्ष प्रतिनिधि मण्डल गई पूर्वाञ्चलको शैक्षिक प्रतिवेदनका साथै पूर्वाञ्चलमा विश्वविद्यालयको आवश्यकता र स्थापना हुन सक्ने संभावना समेत प्रस्तुत गरेको छ । यसैक्रममा मोरंग जि.पं. सभापति श्री चेतुलाल चौधरीको संयोजकत्वमा काठमाडौं गएको प्रतिनिधि मण्डलबाट भए गरेका प्रयासहरू पनि उल्लेखनीय छन् ।

श्री ५ को सरकारले राष्ट्रिय पञ्चायतको गत अधिवेशनमा २०४३।५।१५ मा प्रस्तुत उच्च शिक्षा सम्बन्धी नीति अन्तर्गत विभिन्न

विकास क्षेत्रहरूमा विश्वविद्यालयहरू स्थापित गर्दै लैजाने कार्यक्रम प्रस्तुत गरेको छ। प्रस्तावित विश्वविद्यालय क्षेत्रमा संकायगत दृष्टिले पूर्वाधार को रूपमा कम्तिमा मानविकीतर्फ ५, व्यवस्थापनतर्फ ५, विज्ञानतर्फ ३, शिक्षातर्फ २ र कानूनतर्फ १ समेत जम्मा १६ क्याम्पस हुनु पर्ने र तिनमा अध्ययन गर्ने विद्यार्थी संख्या कम्तीमा १० हजार र स्नातक विद्यार्थी संख्या कम्तीमा १ हजार हुनु पर्ने भनी उक्त नीति वक्तव्यमा निर्धारित गरिएको छ। उच्च शिक्षा सम्बन्धी उक्त वक्तव्य बमोजिम बहुविश्वविद्यालय स्थापनाद्वारा विभिन्न विषय क्षेत्रका शैक्षिक तथा प्राज्ञिक प्रखरता भएका व्यक्तिहरूबाट आफ्ना क्षेत्रमा नेतृत्व र योगदान प्राप्त हुने बहुविश्वविद्यालयका वीच स्वस्थ प्रतिस्पर्धात्मक भावना जागृत भै समुचित शैक्षिक वातावरणको सृजना हुने र विभिन्न विश्वविद्यालयहरूमा राष्ट्रिय आवश्यकतानुसार प्राज्ञिक कार्यक्रमको विशिष्टिकरणको अवसर समेत उपलब्ध हुने र भविष्यमा स्थापित हुने यस्ता विश्वविद्यालयहरू प्रादेशिक विकासका लागि समेत सहायकसिद्ध हुने विश्वास व्यक्त गरिएको छ।

श्री ५ को सरकारबाट प्रस्तुत उपर्युक्त नीति वक्तव्यलाई यस बैठकले अत्यन्त स्वागतयोग्य संझन्छ र सरकारबाट प्रस्तावित उद्देश्य बमोजिम विराटनगरमा विश्वविद्यालय स्थापना गर्ने क्रममा योगदान पुऱ्याउनु यो बैठक आफ्नो कर्तव्य ठान्दछ । सरकारबाट निर्धारित पूर्वाधारहरूतर्फ विचार गर्दा पनि पूर्वाञ्चल क्षेत्रमा मानविकीतर्फ १२, व्यवस्थापनतर्फ ६, विज्ञानतर्फ ३, शिक्षातर्फ २ र इन्जिनियरिङ्गतर्फ १ समेत क्याम्पस संख्या २९ भएको र तिनमा अध्ययनरत विद्यार्थी पनि निर्धारित संख्याभन्दा बढी देखिएको हुँदा पूर्वाञ्चलमा विश्वविद्यालयको आवश्यकता र स्थापना हुन सक्ने संभावनालाई यो बैठकले पुन: अनुभव गर्दछ।

## प्रस्ताव नं. २

सर्वप्रथम उच्च शिक्षाको विकास गराउने हेतुले आर्थिक स्रोतको व्यवस्था मिलाई निकासा निमित्त राजधानी काठमाडौं यात्रा गरेका प्रतिनिधिहरूलाई श्री ५महाराजाधिराज सरकारबाट २०२३ माघ ९ गते बिहीबार दर्शन बक्सिंदा शिक्षा सहायता उठाई लिएको सदर गरी पाउने

र श्री ५ को सरकारबाट आवश्यक आर्थिक सहायता र एग्रिकल्चर आई. एस्सी. विभाग, बी. एस्सी. कक्षा र एम. ए. खोली संचालन गर्न पाऔं भनी मौखिक विन्ती चढाई विन्तीपत्र समेत बाहुलीमा चढाउँदा सह्राहनापूर्वक धन्यवाद बक्सी तत्कालीन प्राधानमन्त्रीलाई हुकुम बक्स भएबमोजिम प्रधानमन्त्री श्री सूर्यबहादुर थापाले प्रतिनिधि मध्येका अगुवा श्री मातृकाप्रसाद कोइराला, भूपालमानसिंह कार्की, मदनलाल अग्रवाल, जुद्धबहादुर श्रेष्ठ, कालुराम अग्रवाल, तोलाराम दुगड, शिवप्रसाद रिजाल, हंसराज गोल्छा र चन्द्रबहादुर पाण्डे र त्यसपछि श्री भूपालमानसिंह कार्कीले कृषि विश्वविद्यालय स्थापनार्थ २०२४ आश्विन २ गते श्री ५ मा विन्तीपत्र जाहेर गरेकोमा सरकारबाट दर्शन बक्सिंदा पूर्वाञ्चलको विराटनगरमा विश्वविद्यालय स्थापना गर्न विन्ती चढाउँदा मौखिक स्वीकृतिका साथै विश्वविद्यालयको कामलाई श्री ५ महेन्द्र मोरंग आदर्श कालेजको जग्गा बक्स भएको पुरानो हवाईमैदानको जग्गा बाहेक अरू थप चाहिने जग्गा बिगाहा १ सय ६० अधिकरण गरी त्यसलाई चाहिने रू. ४ लाख ६० हजार पाऊँ भनी चढाएको विन्तीपत्र अनुसार प्रधानमन्त्रीलाई हुकुम बक्स भएकाले राजदरवार प्रमुख सचिवालयका सचिव मि.सु. ईश्वरीमानले विश्वविद्यालयको कामलाई लाग्ने थप जग्गा बिगाहा १ सय ६० अधिग्रहण गरी पाऊँ र सोलाई चाहिने रू ४ लाख ८० हजार पाऊँ भन्ने समेत बारेको विन्तीपत्रको व्यहोरा श्री ५ महाराजाधिराजका हजूरमा जाहेर हुँदा यसमा प्रधानमन्त्रीले हेरेर पटक-पटक गरेर पाउने गरी दिनु भन्ने हुकुम बक्सेको छ भनी २०२४।६।१७४ मा भूपालमानसिंह कार्कीलाई सूचना दिनु भएबाट विश्वविद्यालय स्थापना गर्न निकासा गराउने श्री भूपालमानसिंह कार्की तथा सो हुकुम प्रमांगी मुताविक श्री ५ को सरकारबाट कुनै काम गरी नदिएकाले निकाशा गराउन श्री मातृकाप्रसाद कोइराला र भूपालमानसिंह कार्कीको नेतृत्वमा प्रतिनिधि मण्डल राजधानीमा जम्मा भै स्वर्गवासी श्री ५ महाराजाधिराज महेन्द्रवीरविक्रम शाहदेव सरकारको दर्शन गरी विश्वविद्यालय स्थापना गर्न स्वीकृति बक्स भएकोमा श्री ५ को सरकारले निकासा समेतको व्यवस्था केही गरी दिएनन् भनी मौखिक विन्ती चढाई विन्तीपत्र समेत चढाउँदा व्यहोरा साँचो भए तुरून्त गरी दिनु र शिक्षा तथा थप विषयमा समेत प्रधानमन्त्रीले बुझी त्रिभुवन

विश्वविद्यालय समेत संपर्क राखी उचित व्यवस्था गरी दिनु भन्ने श्री प्रधानमन्त्रीलाई २०२६ साल पौष २२ गते हुकुम प्रमांगी बक्स भएपछि श्री मातृकाप्रसाद कोइराला, बृ.ज. भूमालमानसिंह कार्कीलाई श्री ५ को प्रमुख निजी सचिव मि.सु. ईश्वरीमानले बोधार्थ दिनु भएको प्राप्त भएको हुँदा पूर्वाञ्चलको विराटनगरमा विश्वविद्यालय स्थापना गर्न सतत् प्रयत्न गर्ने प्रतिनिधि मण्डलका श्री मातृकाप्रसाद कोइराला, भूपालमानसिंह कार्की, शैलेन्द्रकुमार उपाध्याय, शान्ता पोखरेल, सुरेन्द्रबहादुर वस्नेत, चैतुलाल चौधरी, उपेन्द्रबहादुर कार्की, ताराप्रसाद उपाध्याय, हरकुमारसिंह, शंकरमानसिंह अधिकारी, लक्ष्मीराजभक्त नेपाली, जुद्धबहादुर श्रेष्ठ, विष्णुकुमार तुम्वाहाम्फे, कालुराम अग्रवाल, शिवबहादुर थापा, नवरंगराय लोहिया, मदनलाल अग्रवाल, रामलाल गोल्छा, रामप्रसाद अग्रवाल, तोलाराम दुगड र गोपालप्रसाद शर्मा समेतलाई र मिति २०४३।१।९।३ का दिन वीरेन्द्र सभागृहमा बसेको उपर्युक्त बैठकले गठन गरेको तदर्थ समिति र त्यस अन्तर्गतको संयोजक समितिलाई पूर्वाञ्चलमा विश्वविद्यालय स्थापना गर्ने बारे श्री ५ को सरकारमा प्रतिवेदन प्रस्तुत गरी ध्यानाकर्षण गर्न र आवश्यक अन्य प्रयास गर्न समेत दिइएको अभिभारा वमोजिम उक्त समितिले पटक पटक प्रतिनिधि मण्डल काठमाडौं गै प्रतिवेदन प्रस्तुत गरी श्री ५ को सरकारको ध्यानाकर्षण समेत गरी गराई आफ्नो कार्य सुसम्पन्न गरेको र श्री ५ को सरकारबाट पनि बहुविश्वविद्यालय सम्बन्धी नीति वक्तव्य प्रस्तुत हुनुका साथै त्रिभुवन विश्वविद्यालय ऐनमा समेत संशोधन भै अन्य विश्वविद्यालयहरू स्थापना हुन सक्ने कानूनी व्यवस्था पनि भैसकेको हुँदा उक्त तदर्थ समिति र संयोजक समितिहरूको उद्देश्य पूरा भएको यस वैठकले महसुस गर्दछ। तदनुसार पूर्वाञ्चलमा विश्वविद्यालय स्थापना गर्ने उक्त समितिका महानुभावहरूबाट आजसम्म भए गरेको प्रयासहरूका लागि पनि सहर्ष हार्दिक धन्यवाद ज्ञापन गर्दै उक्त दुवै समितिहरूलाई विघटन गर्ने प्रस्ताव पनि सर्व सम्मतिबाट स्वीकार गरिन्छ। साथै पूर्वाञ्चलमा विश्वविद्यालयको स्थापना गर्ने गराउने क्रमलाई अझ अगाडि बढाउन आवश्यक व्यवस्था मिलाउन एउटा विश्वविद्यालय व्यवस्था समिति गठन गर्ने प्रस्तावलाई यस वैठकले सर्वसम्मतिबाट स्वीकार गर्दछ।

प्रस्तावित विश्वविद्यालय व्यवस्था समिति अन्तर्गत मूल समिति र त्यस अन्तर्गत कार्य समितिको गठन र सल्लाहकारको चयन निम्न वमोजिम गर्ने प्रस्तावलाई सर्वसम्मतिबाट स्वीकार गरिन्छ।

(क) मूल समिति-

१) सम्माननीय सहायक रथी श्री भूपालमानसिंह कार्की
-भू. पू. सभापति, राजसभा स्थायी समिति,
२) श्री मदनलाल अग्रवाल -भू. पू. अध्यक्ष, मोरंग व्यापार संघ।
३) श्री प्रतापनिधि शर्मा -भू. पू. सचिव, महेन्द्र मोरंग कालेज।
४) पं. श्री मेघराज शर्मा -भू. पू. अध्यक्ष, मोरंग व्यापार संघ।
५) श्री राजकुमार पोखरेल -सह-प्राध्यापक, त्रिभुवन विश्वविद्यालय,
६) श्री सम्माननीय श्रीमती शान्ता पोखरेल -सदस्य, राजसभा
७) श्री सभापति, मोरंग जिल्ला पञ्चायत
८) श्री प्रधानपञ्च, विराटनगर नगर पञ्चायत,
९) श्री सभापति मोरंग व्यापार संघ,
१०) श्री सभापति मोरंग उद्योग संघ,
११) श्री सभापति सनातन धर्मसेवा समिति, मोरंग,
१२) श्री शिवप्रसाद रिजाल, भू. पू. सचिव, महेन्द्र मोरंग कालेज, विराटनगर
१३) श्री हंशराज गोल्छा -अध्यक्ष, गोल्छा अर्गनाइजेसन,
१४) श्री तोलाराम दुगड,
१५) श्री कालीकुमार लाल -सिनियर एड्बोकेट
१६) श्री भोजमानसिंह (जगतबन्धु) कार्की -भू. पू. प्रिन्सिपल, मेची कालेज,
१७) श्री मार्कडेय आचार्य -सचिव, गायत्री संस्कृत विद्यालय,
१८) श्री भेषप्रसाद धमला -भू. पू. क्या. प्र., जनता कानून क्याम्पस, विराटनगर
१९) श्री ध्रुवनारायण लाल -क्याम्पस प्रमुख, म. मो. आ. व. क्याम्पस, विराटनगर
२०) श्री नेत्रबहादुर श्रेष्ठ -क्याम्पस प्रमुख, कन्या क्याम्पस
२१) श्री विश्वेश्वरप्रसाद रिजाल -क्या. प्र., जनता कानून क्याम्पस, विराटनगर
२२) श्री गुणराज ढुङ्गेल -क्याम्पस प्रमुख, आदर्श क्याम्पस,
२३) श्री पं. जगन्नाथ शर्मा- उपाध्यक्ष, सनातन धर्म सेवा समिति,
२४) श्री महाप्रसाद रिजाल -भू. पू. प्रिन्सिपल, महेन्द्र कालेज, धरान
२५) श्री गोपालप्रसाद शर्मा- ,, महेन्द्र मोरंग कालेज, विराटनगर
२६) श्री नरोत्तमप्रसाद अधिकारी - भू. पू. सदस्य, विराटनगर नगर पञ्चायत

२७) श्री हरकुमारसिंह, भू. पू. -माननीय रा. पं. स.

२८) श्री लक्ष्मीराजभक्त नेपाली -माननीय रा. पं. स.

२९) श्री जीवेश्वर लाखे -अध्यक्ष, विराटनगर प्रेस क्लव

३०) श्री महेन्द्रप्रसाद रिजाल -प्राध्यापक, जनता कानून क्याम्पस

३१) श्री किशनलाल दुगड- प्राज्ञ,

३२) श्री जयकिशन राठी,

३३) श्री नारायणप्रसाद कोइराला,

३४) श्री हुलासचन्द गोल्छा,

३५) श्री निर्मलप्रसाद अधिकारी- उप प्रा., म. मो. आ. व. क्याम्पस,

३६) श्री सुरेशकुमार शर्मा - भू. पू. अध्यक्ष, मोरंग व्यापार संघ,

३७) श्री इन्द्रबहादुर कार्की,

३८) श्री हरि न्यौपाने,

३९) श्री तुलसीजंग कार्की

(ख) कार्य समिति-

| | | |
|---|---|---|
| १. | सम्माननीय सहायकरथी श्री भूपालमानसिंह कार्की | अध्यक्ष |
| २. | श्री मदनलाल अग्रवाल | उपाध्यक्ष |
| ३. | श्री प्रतापनिधि शर्मा | महासचिव |
| ४. | पं श्री मेघराज शर्मा | सचिव |
| ५. | श्री राजकुमार पोखरेल | " |
| ६. | श्री सम्माननीय शान्ता पोखरेल | सदस्य |
| ७. | डा. श्री भेषप्रसाद धमला | " |
| ८. | श्री मार्कण्डेय आचार्य | " |
| ९. | श्री हंशराज गोल्छा | " |
| १०. | श्री किशनलाल दुगड | " |
| ११. | श्री इन्द्रबहादुर कार्की | " |
| १२. | श्री गुणराज ढुङ्गेल | " |
| १३. | श्री अध्यक्ष, मोरंग व्यापार संघ | " |
| १४. | श्री अध्यक्ष, मोरंग उद्योग संघ | " |

(ग) <u>सल्लाहकार मण्डल-</u>

१) सम्माननीय श्री मातृकाप्रसाद कोइराला, भू. पू. प्रधानमन्त्री
२) सम्माननीय श्री सूर्यबहादुर थापा, ,,
३) सम्माननीय श्री कीर्तिनिधि विष्ट, ,,
४) सम्माननीय श्री नगेन्द्रप्रसाद रिजाल ,,
५) पूर्वाञ्चलका सम्माननीय राजसभा सदस्य तथा रा. पं. स. हरू
६) पूर्वाञ्चलका माननीय मन्त्री, राज्यमन्त्री र सहायक मन्त्रीहरू
७) भू. पू. मन्त्री, राज्यमन्त्री र सहायक मन्त्रीहरू
८) सूर्यबहादुर सेन ओली- कोशी अंचलाधीश
९) पूर्वाञ्चलका अंचलाधीशहरू ।

## प्रस्ताव नं. ३

पूर्वाञ्चल विश्वविद्यालय स्थापना गर्ने गराउने क्रमलाई सशक्त रूपले अगाडि वढाउने अभिभारा मूल समिति, कार्य समिति, सल्लाहकार मण्डल माथि रहनेछ। आवश्यकतानुसार मूल समितिको बैठक बोलाउने, सल्लाहकार महानुभावहरूको परामर्श प्राप्त गर्ने, सम्बन्धित अधिकारी निकाय एवं समुदायसँग सम्पर्क स्थापना र सहयोग प्राप्त गर्ने, मूल समिति, कार्य समिति र सल्लाहकार मण्डलमा आवश्यक एवं उपयुक्त व्यक्ति समावेश गर्ने, उद्देश्यको परिपूर्तिका लागि उपयुक्त कार्य विधि तर्जुमा गर्ने र आवश्यक कार्यक्रम संचालन गर्ने अधिकार र कर्तव्य कार्य समितिलाई. प्रदान गरिएको र कार्य समितिका पदाधिकारीहरू नै मूल समितिका पनि पदाधिकारी हुने व्यवस्था गरिएको प्रस्ताव सर्व सम्मतिबाट स्वीकार गरियो ।

## प्रस्ताव नं. ४

<u>श्री ५ महाराजाधिकारज वीरेन्द्रवीरविक्रम शाहदेव</u> शिक्षाको विकासका लागि निरन्तर दत्तचित्त होइबक्सिन्छ। यस दिशातर्फ मौसूफ सरकारबाट बक्सेका निर्देशनहरू र उठाई बक्सेका कदमहरू शिक्षा क्षेत्रको इतिहासमा स्वर्णाक्षरले अंकित रहेकाछन् । सरकारबाट निर्देशन बक्स भएवमोजिम हामीले आगामी ईस्वी सन २००० सम्ममा एशियाली माप दण्डको स्तरमा शिक्षाको गुणस्तर संवर्द्धन गर्नु अत्यन्त आवश्यक

सामयिक कर्तव्य भएकोछ। स्वत: उच्च शिक्षाको विस्तार र विकासलाई संस्थागत दृष्टिले प्राज्ञिक, प्रशासनिक दृष्टिले सक्षम, राष्ट्रिय दृष्टिले उपयोगी र प्रादेशिक दृष्टिले संतुलित र गुणस्तरको दृष्टिले उच्च वनाउनमा मौसूफ सरकारको सदिच्छाबाट हामीहरू अत्यन्त प्रेरित भएका छौं ।

अत:एव पूर्वाञ्चलको विराटनगरमा प्रस्तावित विश्वविद्यालय शिक्षाप्रेमी राष्ट्रनायक श्री ५ महाराजाधिराज वीरेन्द्रवीरविक्रम शाहदेव सरकारका शुभ नाउँमा वीरेन्द्र विश्वविद्यालय नामाकरण गर्नु अत्यन्त गौरवको विषय हो । यसबाट मौसूफको पुण्य सुकीर्ति फैलिनुका साथै यसक्षेत्रमा काम गर्ने कार्यकर्ताहरूमा ठूलो प्रेरणा प्राप्त हुने अटल विश्वास हामीले लिएका छौं । स्व. श्री ५ जिजू वुवा त्रिभुवन वीरविक्रम शाहदेव सरकारका शुभ नाउँमा त्रिभुवन विश्वविद्यालय स्थापना भएको र स्व. श्री ५ बुबा महेन्द्र वीरविक्रम शाहदेव सरकारका शुभ नाउँमा महेन्द्र संस्कृत विश्वविद्यालय हालै स्थापना भएको सन्दर्भमा विचार गर्दा पनि पूर्वाञ्चलमा प्रस्तावित विश्वविद्यालय श्री ५ महाराजाधिराज वीरेन्द्रवीरविक्रम शाहदेव सरकारका शुभ नाउँमा हुनुपर्ने समस्त नेपालीहरूको आकांक्षा रहेको छ । तसर्थ विराटनगरमा प्रस्तावित विश्वविद्यालय मौसूफ सरकारका शुभ नाउँमा 'वीरेन्द्र विश्वविद्यलाय' नामाकरण गर्न पाऊँ भनी मौसूफ सरकारका हजूरमा भक्तिपूर्वक विनम्र विन्ती चढाउन व्यवस्था मिलाउने भनी यस बैठकले सहर्ष सर्वसम्मतिबाट प्रस्ताव पारित गर्दछ ।

## अनुसूची–८

२०४६ साल श्रावण ३२ गते बुधबारको दिन श्रीमान् कोशी अञ्चलाधीश दानबहादुर शाहीको अध्यक्षतामा बसेको बैठकमा उच्च शिक्षाको विकास गर्ने, गराउने सम्बन्धमा निम्न उपस्थितिमा निम्न निर्णय भयो ।

### उपस्थिति

| | |
|---|---|
| (१) दानबहादुर शाही | (२) *........................ |
| (३) राधाप्रसाद घिमिरे | (४) *........................ |
| (५) ध्रुवनारायणलाल | (६) मदनलाल अग्रवाल |
| (७) कालीकुमारलाल | (८) देवकुमारी थापा |
| (९) मेघराज शर्मा | (१०) विश्वेश्वरप्रसाद रिजाल |
| (११) कविराज न्यौपाने | (१२) नरोत्तमप्रसाद अधिकारी |
| (१३) लक्ष्मण नेवटिया | (१४) गोपालप्रसाद शर्मा |
| (१५) शिवगमन गुरूङ्ग | (१६) लक्ष्मण शास्त्री |
| (१७) भेषप्रसाद धमला | (१८) आमोदप्रसाद उपाध्याय |
| (१९) जयप्रसाद दाहाल | (२०) राजकुमार पोखरेल |
| (२१) मार्कण्डेय आचार्य | (२२) बालकृष्ण पोखरेल |
| (२३) देवेन्द्र अग्रवाल | (२४) द्वारिका रौनियार |
| (२५) *...................... | (२६) गुणराज ढुङ्गेल |
| (२७) ज्ञानचन्द दुगड | (२८) जगतबन्धु कार्की |
| (२९) *...................... | (३०) *...................... |
| (३१) भूपेन्द्रप्रसाद खनाल | |

*निर्णय पुस्तिकामा हस्ताक्षर नबुझिएको ।*

## पारित निर्णय

आजभन्दा २२ वर्ष अघि मोरंग, विराटनगरका शिक्षाप्रेमीहरूबाट स्थापना भएको विराटनगरको प्रथम बोर्डिङ्ग स्कूल आदर्श शिशु शिक्षा निकुञ्जको वर्तमान अवस्था आवश्यकता र यसको अहिलेको करिब ५० लाख रूपैया बराबरको भौतिक सम्पत्तिको अधिकतम सदुपयोगलाई विचार गर्दा विराटनगरमा निजीक्षेत्रबाट सफलतापूर्वक संचालित बोर्डिङ्ग स्कूलहरू पर्याप्त मात्रामा स्थापना भैसकेको यस शिशु निकुञ्जलाई यसको भौतिक सम्पत्ति अनुरूप सफल बोर्डिङ्ग स्कूलको रूपमा संचालन गर्न अझै लाखौंको लगानीको आवश्यकता देखिएको हुँदा अन्य विचार भै रहेको अवस्थामा त्रि. वि. का उपकुलपति एवं अन्य वरिष्ट पदाधिकारीहरूबाट विराटनगरमा हाल चालू स्नातकोत्तर तहको शैक्षिक कार्यक्रममा विज्ञान र प्रविधि सम्बन्धी प्रयोगशालाको स्थापना गरी पठन-पाठन गराउनका साथै आधारभूत आवश्यकता परिपूर्ति गर्ने उपयुक्त बैज्ञानिक प्रविधिको विकास गराउँदै लैजाने निकायको स्थापनातर्फ यस निकुञ्जको भौतिक संपदाको सदुपयोग गर्दा राष्ट्रलाई बढी लाभदायक हुनसक्ने र सो प्रयोजनका लागि यस निकुञ्जको भौतिक सम्पत्ती त्रि. वि. लाई हस्तान्तरण हुनसके त्यसतर्फ त्रि. वि. बाट अविलम्ब कार्यक्रम तर्जुमा गर्न सकिने समेत मौखिक आग्रहपूर्ण सुझव आएको हुँदा त्रि. वि. बाट आएको सुझवलाई सराहना गर्दै विराटनगरका शिक्षाविद, शिक्षाप्रेमी, उद्योगपति, व्यापारी लगायत समस्त मोरंग बासीको विराटनगरमा राष्ट्रनायक श्री ५ महाराजाधिराज सरकार बीरेन्द्रवीरविक्रम शाहदेव को शुभ नाममा विश्वविद्यालयको स्थापना होओस् भन्ने इच्छा, आंकाक्षा परिपूर्ति गर्ने दिशामा पूर्वाधार सृजना गर्दै लैजाने काममा सुझाउ पुगोस् भन्ने हेतुले त्रि. वि. बाट आएको सुझाव अनुरूप त्यसै लक्ष्यतर्फ सदुपयोग गर्नका लागि यस शिशुशिक्षा निकुञ्जको स्वामित्वमा रहेको करिब ६ विगाहाको घेरिएको कम्पाउण्ड र सो अन्तर्गत सैकडौं बृक्षहरूको हरियाली बीच अवस्थित १७ कोठाको करिब ५०० जना अटाउने हल समेत २ तले नयाँ भवन लगायत सबै सम्पत्ति त्रि. वि. लाई यहि २०४६ साल भाद्र २२ गते एक भव्य समारोह आयोजना गरी हस्तान्तरण गर्ने सर्व सम्पत्ति निर्णय गरियो ।

त्यस हस्तान्तरण कार्यका लागि यस शिशुशिक्षा निकुञ्जका संचालनका निमित्त गठित समितिका वर्तमान संयोजक भू. पू. शिक्षा राज्यमंत्री श्री राधाप्रसाद घिमिरेज्यूको अध्यक्षतामा एउटा हस्तान्तरण समिति गठन गर्ने र सो समितिमा यस आदर्श शिशुशिक्षा निकुञ्जसँग घनिष्ट रूपमा सम्बन्धित सबै व्यक्तिहरू समावेश गर्ने एवं उपरोक्त बमोजिम लक्ष्य प्राप्तिका लागि कार्यक्रम तर्जुमा गर्दा यसका शिक्षाविद, शिक्षाप्रेमी र समाजसेवी वर्गको प्रतिनिधित्व हुने गरी आवश्यक व्यवस्था मिलाउन त्रि. वि. लाई आग्रह गर्ने समेत यसै बैठकबाट निर्णय गरियो।

# राष्ट्रिय पञ्चायतका माननीय उपाध्यक्षको कार्यालय
## २०४३

ग्यालरी वैठक
सिंहदरबार, काठमाडौं

पत्र संख्या/च. नं.:- ०४४।४५/७६ मिति: २०४४।४।२८

विषय:- विश्वविद्यालय खोल्ने बारे ।

भू.पू. सभापति श्री भूपालमानसिंह कार्की,

पूर्वाञ्चल विकास क्षेत्रमा विश्वविद्यालय खोल्ने सम्बन्धमा छलफल गर्नु पर्ने भएकोले यही भाद्र ३ गते ३:०० बजे राष्ट्रिय पञ्चायत उपाध्यक्ष कोठामा छलफलको लागि उपस्थित हुनुहुन अनुरोध गर्दछु ।

(परशुराम राई)
उपाध्यक्ष
रीष्ट्रय पञ्चायत

## अनुसूची–९

### प्रस्तावित विश्वेश्वरप्रसाद कोइराला विश्वविद्यालय मूल समिति

| | | |
|---|---|---|
| १. | श्री नारायणप्रसाद कोइराला | -अध्यक्ष |
| २. | " मार्कण्डेय आचार्य | -उपाध्यक्ष |
| ३. | " बैजनाथ थपलिया | - " |
| ४. | " डा. भेषप्रसाद धमला | - सचिव |
| ५. | " गोपालकुमार कार्की | - " |
| ६. | " कविराज न्यौपाने | -सह-सचिव |
| ७. | " दधिराज सुवेदी | - " |
| ८. | " गंगाविशन राठी | -कोषाध्यक्ष |
| ९. | " श्रीमती नोना कोइराला | -सदस्य |
| १०. | " आमोदप्रसाद उपाध्याय | - " |
| ११. | सुश्री शैलजा आचार्य | - " |
| १२. | श्री महेश आचार्य | - " |
| १३. | " डा. श्यामलाल तवदार | - " |
| १४. | " डा. शेखर कोइराला | - " |
| १५. | " अशोक कोइराला | - " |
| १६. | " ध्रुवनारायणलाल | - " |
| १७. | " राजकुमार पोखरेल | - " |
| १८. | " ध्रुबकुमार थापा | - " |
| १९. | " गोपालप्रसाद शर्मा | - " |
| २०. | " शिवप्रसाद रिजाल | - " |
| २१. | " बद्रीनारायण बस्नेत | - " |
| २२. | " चिरन्जीवीप्रसाद रिजाल | - " |
| २३. | श्रीमती डा. मीनाक्षी नेपाल | - " |
| २४. | श्री विश्वेश्वरप्रसाद रिजाल | - " |
| २५. | " ध्रुब क्षेत्री | - " |
| २६. | " डा. नारायणकुमार | - " |
| २७. | " दिलिप सापकोटा | - " |
| २८.. | " श्री विनोद अर्जेल | - " |
| २९. | " तिलकप्रसाद रिजाल | - " |

३०. श्री ज्वालाप्रसाद पोखरेल -सदस्य
३१. " यादवप्रसाद सापकोटा - "
३२. " विपुलेन्द्र चक्रवर्ती - "
३३. " उमेश गिरी - "
३४. " हरि सापकोटा - "
३५. " अर्जुन थापा - "
३६. " सभापति, मोरङ व्यापार संघ - "
३७. " सभापति, मोरङ उद्योग संगठन - "
३८. " छविलाल ढकाल - "
३९. " प्रकाश कोइराला - "
४०. " मदनलाल अग्रवाल - "
४१. " डा. राजकुमार अग्रवाल - "
४२. " मोतीचन्द्र साह - "
४३. " डा. भुवनेश्वर झा - "
४४. " तोलाराम दुगड - "
४५. " हुलासचन्द्र गोल्छा - "
४६. " चक्र बाँस्तोला - "
४७. " कृष्ण सिटौला - "
४८. " भीमबहादुर कार्की - "
४९. " के. बी. गुरूङ - "
५०. " गोपाल पहाडी - "
५१. " जयप्रकाश आनन्द - "
५२. " महेन्द्र रिजाल - "
५३. " गुणराज ढुङ्गेल - "
५४. " गायत्रीप्रसाद रिजाल - "
५५. " विजय गच्छदार - "
५६. " ऋषिराज उपाध्याय बराल - "
५७. " गोविन्दप्रसाद उपाध्याय - "
५८. " डा. अरूणकुमार दास - "
५९ " चक्रपाणि खनाल - "
६०. " भक्तलाल उपाध्याय - "
६१. " केशव सिटौला - "
६२. " कपिल भण्डारी - "
६३. " डा. रामदेव खड्का - "
६४. " डा. केवलकिशोर मिश्रा - "
६५. " पुष्पराज शर्मा - "

६६. श्री कुमार कोइराला -सदस्य
६७. " मीनबहादुर थापा - "
६८. " प्रसन्नलाल सिंह - "
६९. " पारसमल लालवानी - "
७०. " लोचन खतिवडा - "
७१. " नारायण श्रेष्ठ (हात्तिसार, क्या.प्र.)- "
७२. " प्रकाश नेपाली - "
७३. " नीलप्रसाद तिम्सिना - "
७४. " श्रीहर्ष कोइराला - "
७५. " पशुपतिलाल दास - "
७६. " डा. नारायण झा - "
७७. " राकेशचन्द्र मिश्र - "
७८. " जगतमान आङ्दम्वे - "
७९. " बीरबहादुर थापा - "
८०. " डा. शशांक कोइराला - "
८१. " निरञ्जन आचार्य - "
८२. श्रीमती शान्ता पोखरेल - "
८३. श्रीमती शान्ता घिमिरे - "
८४. श्री रमाप्रसाद रिजाल - "
८५. " खड्गबहादुर कार्की - "
८६. " मुक्तिप्रसाद चापागाईं - "
८७. " ज्योतिप्रसाद आचार्य - "
८८. " घनश्याम लाल दास - "
८९. " ऋषिकेश कोइराला - "
९०. " तोरेन्द्रमानसिंह प्रधान - "
९१. " आशिनाथ राजवंशी - "
९२. " नागेश्वर सिंह - "
९३. " हरिनाथ बाँस्तोला - "
९४. " हरिप्रसाद यादव - "
९५. " उपेन्द्रलाल दास - "
९६. " आशकरण राठी - "
९७. " रामबहादुर श्रेष्ठ - "
९८. " युगलकिशोर सिंहल - "
९९. " जगन्नाथ शास्त्री - "
१००. " जगन्नाथ साह - "
१०१. " विशेश्वर मण्डल - "
१०२. " सम्पतलाल यादव - "

| | | |
|---|---|---|
| १०३. | श्री ज्योति कोइराला | -सदस्य |
| १०४. | " चाँदमल राठी | - " |
| १०५. | " राजेन्द्र कोइराला | - " |
| १०६. | " बद्री कोइराला | - " |
| १०७. | " रमेश घिमिरे | - " |
| १०८. | " शिवनारायण मण्डल | - " |
| १०९. | " मुकुन्द नेपाल | - " |
| ११०. | " हरिबहादुर कार्की | - " |
| १११. | " भरतमणि सिटौला | - " |
| ११२. | " पवनकुमार गोल्यान | - " |
| ११३. | " यदुनन्दन चौधरी | - " |
| ११४. | " शम्भुप्रसाद रिजाल | - " |
| ११५. | " नवरंगलाल लोहिया | - " |
| ११६. | " पुनम चेनवाल | - " |
| ११७. | " सतिश बोहोरा | - " |
| ११८. | " विजय खनाल | - " |
| ११९. | " नरेश थापा | - " |
| १२०. | " पुरूषोत्तम अमात्य | - " |
| १२१. | " भेखबहादुर नेपाली | - " |
| १२२. | " रामबहादुर बस्नेत | - " |
| १२३. | " अरविन्द मेहता | - " |
| १२४. | " जयहरि शर्मा | - " |
| १२५. | " मनोजप्रसाद उपाध्याय | - " |
| १२६. | " कुमुद लोहनी | - " |
| १२७. | " रूक्मिणी कोइराला | - " |
| १२८. | " हरिचरण शर्मा | - " |
| १२९. | " मेघराज शर्मा | - " |
| १३०. | " शंकरप्रसाद पोखरेल | - " |
| १३१. | " ईश्वरीप्रसाद रिजाल | - " |
| १३२. | " डा. खलिल अन्सारी | - " |
| १३३. | " हसन अन्सारी | - " |
| १३४. | " डा. अब्दुल गफुर | - " |
| १३५. | " कलशेखर अधिकारी | - " |
| १३६. | श्रीमती पद्मादेवी अधिकारी | - " |
| १३७. | श्री लोकन्द्र आचार्य | - " |
| १३८. | " हेमराज कोइराला | - " |
| १३९. | " जान्हवी रायमाझी | - " |

| | | |
|---|---|---|
| १४०. | श्रीमती बनी नेपाल | -सदस्य |
| १४१. | श्री शैलेश कोइराला | - " |
| १४२. | " आनन्दप्रसाद नेपाल | - " |
| १४३. | " श्यामराज उपाध्याय | - " |
| १४४. | " मोहनप्रसाद कोइराला | - " |
| १४५. | " सुशील धनावत | - " |
| १४६. | " हरि धनावत | - " |
| १४७. | " राकेश कोइराला | - " |
| १४८. | " शंकरलाल अग्रवाल | - " |
| १४९. | " सुवोध अग्रवाल | - " |
| १५०. | " सञ्जेश कोइराला | - " |
| १५१. | " ईन्द्र काफ्ले | - " |
| १५२. | श्रीमती शान्ता रिजाल | - " |
| १५३. | " मीना शर्मा | - " |
| १५४. | " इन्दिरा प्रसाईं | - " |
| १५५. | श्री सुमन पाण्डे | - " |
| १५६. | श्रीमती निरू पोखरेल | - " |
| १५७. | " गीताञ्जली सापकोटा | - " |
| १५८. | " गीता सापकोटा | - " |
| १५९. | " शारदा आचार्य | - " |
| १६०. | " अनुपा खनाल | - " |
| १६१. | " सुधा दहाल | - " |
| १६२. | " रेखा आचार्य | - " |
| १६३. | " मोहनदेवी खवास | - " |
| १६४. | श्री बैजनाथ सोनी | - " |
| १६५. | " गोपाल राई | - " |
| १६६. | " गोपालमानसिंह राजभण्डारी | - " |
| १६७. | " गंगा भगत | - " |
| १६८. | " प्रल्हादराय अग्रवाल | - " |
| १६९. | " श्रीबल्लभ लखौटिया | - " |
| १७०. | " देवेन्द्र अग्रवाल | - " |
| १७१. | " ईन्द्र मास्के | - " |
| १७२. | " शिवदत्त उपाध्याय भट्टराई | - " |
| १७३. | " सुदर्शन श्रेष्ठ | - " |
| १७४. | " बिमलप्रसाद कोइराला | - " |
| १७५. | " भीखमचन्द बैद्य | - " |
| १७६. | " युगलकिशोर राठी | - " |

| | | |
|---|---|---|
| १७७. | श्री सुशीलकुमार झा | -सदस्य |
| १७८. | श्रीमती देवकुमारी थापा | - " |
| १७९. | श्री बालकृष्ण पोखरेल | - " |
| १८०. | " सेमन्तराज अधिकारी | - " |
| १८१. | " चन्द्रमणि नेउपाने | - " |
| १८२. | " पद्मधर आचार्य | - " |
| १८३. | " नथुनीसिंह दनुवार | - " |
| १८४. | " हरिप्रसाद राय | - " |
| १८५. | " राजेन्द्रप्रसाद गुप्ता | - " |
| १८६. | " दिनेशकुमार नौलखा | - " |
| १८७. | डा. श्री भोगेन्द्रप्रसाद उपाध्याय | - " |

## अनुसूची–१०

**प्रस्तावित विश्वेश्वरप्रसाद कोइराला विश्वविद्यालय प्रबन्ध समिति, विराटनगर**

| | | |
|---|---|---|
| १. | श्री नारायणप्रसाद कोइराला | -अध्यक्ष |
| २. | " मार्कण्डेय आचार्य | -उपाध्यक्ष |
| ३. | " बैजनाथ थपलिया | - " |
| ४. | " डा. भेषप्रसाद धमला | -सचिव |
| ५. | " गोपालकुमार कार्की | - " |
| ६. | " कविराज न्यौपाने | -सह-सचिव |
| ७. | " दधिराज सुवेदी | - " |
| ८. | " गंगाविशन राठी | -कोषाध्यक्ष |
| ९. | " श्रीमती नोना कोइराला | -सदस्य |
| १०. | " आमोदप्रसाद उपाध्याय | -सदस्य |
| ११. | सुश्री शैलजा आचार्य | - " |
| १२. | श्री महेश आचार्य | - " |
| १३. | " डा. श्यामलाल तवदार | - " |
| १४. | " डा. शेखर कोइराला | - " |
| १५. | " अशोक कोइराला | - " |
| १६. | " ध्रुबनारायणलाल | - " |
| १७. | " राजकुमार पोखरेल | - " |
| १८. | " ध्रुबकुमार थापा | - " |
| १९. | " गोपालप्रसाद शर्मा | - " |
| २०. | " शिवप्रसाद रिजाल | - " |
| २१. | " बद्रीनारायण बस्नेत | - " |
| २२. | " चिरन्जीवी रिजाल | - " |
| २३. | श्रीमती डा. मीनाक्षी नेपाल | - " |
| २४. | श्री विश्वेश्वरप्रसाद रिजाल | - " |
| २५. | " ध्रुब क्षेत्री | - " |
| २६. | " डा. नारायणकुमार | - " |
| २७. | " दिलिप सापकोटा | - " |
| २८. | " विनोद अर्जेल | - " |
| २९. | " तिलकप्रसाद रिजाल | - " |

| | | |
|---|---|---|
| ३०. | श्री ज्वालाप्रसाद पोखरेल | -सदस्य |
| ३१. | " यादवप्रसाद सापकोटा | - " |
| ३२. | " विपुलेन्द्र चक्रवर्ती | - " |
| ३३. | " उमेश गिरी | - " |
| ३४. | " हरि सापकोटा | - " |
| ३५. | " अर्जुन थापा | - " |
| ३६. | " सभापति, मोरङ व्यापार संघ | - " |
| ३७. | " सभापति, मोरङ उद्योग संगठन | - " |
| ३८. | " छविलाल ढकाल | - " |
| ३९. | " प्रकाश कोइराला | - " |

## अनुसूची–११

**२०४८।५।१३ गतेका दिन सम्माननीय प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालासँग सिंहदरबार काठमाडौंमा भेट गर्ने प्रस्तावित विश्वेश्वरप्रसाद कोइराला विश्वविद्यालयको प्रतिनिधि मण्डल**

(१) श्री नारायणप्रसाद कोइराला
(२) सुश्री शैलजा आचार्य
(३) श्रीमती नोना कोइराला
(४) श्री विजय गच्छदार
(५) श्री आमोदप्रसाद उपाध्याय
(६) श्री नथुनीसिंह दनुवार
(७) डा. श्री भेषप्रसाद धमला
(८) श्री राजकुमार पोखेल
(९) श्री महेश आचार्य
(१०) श्री छविलाल ढकाल
(११) श्री विश्वेश्वरप्रसाद रिजाल
(१२) डा. श्री शेखर कोइराला
(१३) श्री गोपाल राई
(१४) श्री ध्रुवकुमार थापा
(१५) श्री जयप्रकाश आनन्द
(१६) श्री उमेश गिरी
(१७) श्री वैजनाथ थपलिया
(१८) श्री भक्तलाल उपाध्याय
(१९) श्री मार्कण्डेय आचार्य
(२०) श्री कविराज न्यौपाने
(२१) डा. श्रीमती मीनाक्षी नेपाल

(२२) श्री गोविन्दप्रसाद उपाध्याय
(२३) श्री गोपालकुमार कार्की
(२४) श्री ध्रुवकुमार क्षेत्री
(२५) श्री शैलेश कोइराला
(२६) श्री तिलक रिजाल
(२७) श्री शङ्कर पोखेल
(२८) श्री हरिप्रसाद राय
(२९) डा. नारायणकुमार
(३०) श्री यादव सापकोटा
(३१) श्री दधिराज सुवेदी
(३२) श्री ज्वालाप्रसाद रेग्मी
(३३) श्री यादव सापकोटा
(३४) श्री महमद अब्दुल
(३५) श्री अशोक पौडेल
(३६) श्री जोगेन्द्र नारायण
(३७) श्री रामप्रसाद न्यौपाने
(३८) श्री ज्योति आचार्य

## अनुसूची–१२

**निष्कर्ष र सुझाव-**

१. हालसम्मको अनुभवबाट उच्चशिक्षाको क्षेत्रमा विद्यार्थी संख्या र भर्ना, शैक्षिक सत्रको नियमित संचालन, अध्ययन अध्यापनको गुणस्तरमा सुधार, परीक्षा संचालन र परीक्षाफलको स्तर, क्याम्पस प्रशासन सम्बन्धी अनेक समस्याहरूको समाधान गर्न थप विश्वविद्यालय स्थापना हुनैपर्ने ।

२. राष्ट्रिय विकासको दृष्टिबाट शिक्षाक्षेत्रमा अपनाउनु पर्ने विकेन्द्रीकरणको नीति अन्तरगत त्रिभुवन विश्वविद्यालयको बोझ हलुका गराउने तथा प्रतिस्पर्धात्मक आधारमा शिक्षाको स्तर उच्च राख्ने लक्ष्यले देशमा बुहविश्वविद्यालय प्रणाली अंगाली दीर्घकालीन योजनाअनुसार विभिन्न विकास क्षेत्रमा विश्वविद्यालयहरूको स्थापना गर्दै जानु पर्ने ।

३. विश्वविद्यालय स्थापना गर्ने क्रममा स्थानीय समाजसेवी, शिक्षाप्रेमी एवम् जनसहभागीहरूलाई पनि विभिन्न कार्यमा संलग्न गराउने ।

४. थप विश्वविद्यालय खोल्ने क्रममा मातृसंस्थाको भूमिका बहन गर्दै त्रि.वि. ले संभाव्यता रहेको क्षेत्रमा पूर्वाधारहरूको निर्माण गर्दै जाने नीति लिनुपर्ने ।

५. विश्वविद्यालय स्थापना गर्दै जाने क्रममा वर्तमानको शैक्षिक वस्तुस्थिति, अतीतको इतिहास र भविष्यको क्षमता भएको क्षेत्रमाथि सर्वप्रथम ध्यान दिनुपर्ने ।

६. क्षेत्रफल र जनसंख्या, शिक्षामा जनसहयोगको गरिमामय परम्परा र संभावना, शिक्षण संस्थाहरूको संख्या, शिक्षकहरूको संख्या एवं स्नातकोत्तर तहको शिक्षा प्राप्त गर्न इच्छुक एवं योग्य विद्यार्थीहरूको संख्या र शिक्षाप्रेमी, समाजसेवीहरूको सक्रियता इत्यादिको दृष्टिले पूर्वाञ्चलको केन्द्र विराटनगरमा एक विश्वविद्यालय स्थापना गर्न सामयिक हुने ।

७. राष्ट्रिय अर्थतन्त्रमा कृषि, उद्योग, व्यापार, वैदेशिक मुद्रा र स्नातक तहसम्मको शिक्षित जनसंख्या सम्बन्धमा पूर्वाञ्चलको योगदान तुलनात्मक दृष्टिले बढी देखिएको ।

८. शैक्षिक चेतना जागृत गर्न, पूर्वाधारको सृष्टि गर्न र समाजका विभिन्न अंगहरूको जनसहयोग जुटाउन पूर्वाञ्चल बढी सक्षम एवम् सक्रीय रहेको ।

९. पूर्वाञ्चलमा स्थापना हुने विश्वविद्यालयको व्यवस्थापन पक्ष, यसको स्वरूप, यसका भौतिक एवम् अन्य साधन स्रोतहरू, विश्वविद्यालय-हरूको बीचको समन्वय, त्रि.वि. बाट नयाँ विश्वविद्यालयमा सम्पत्ति, साधन स्रोत, कर्मचारी र शिक्षकको हस्तान्तरण र स्थानान्तरणको बारेमा लिनु पर्ने दृष्टिकोण र अपनाउनु पर्ने प्रक्रिया आदिका सम्बन्धमा उपयुक्त सुझाव दिन यथाशिघ्र एउटा आयोगको व्यवस्था सरकारी स्तरबाट हुनुपर्ने ।

१०. पूर्वाञ्चलमा विश्वविद्यालय स्थापना स्थल सम्बन्धमा विचार गर्दा पूर्वाञ्चलका सबै जिल्लालाई पायक पर्ने भौगोलिक अवस्थिति एवम् यातायात, शिक्षण संस्था, उद्योग, व्यापार, जनसहभागिता आदिका दृष्टिले पूर्वाञ्चलमा विराटनगरको स्थान स्वत: केन्द्रीय रहन गएकाले विराटनगरमा स्थापना गर्नु नै उपयुक्त हुने देखिएको ।

११. विराटनगर वा आसपासमा विश्वविद्यालयको स्थल चयन गर्दा वा विश्वविद्यालयको स्वरूप निर्धारण गर्दा अन्य कुराहरूको अतिरिक्त प्राज्ञिक एवम् शैक्षिक दृष्टि र नीति अपनाउने ।

१२. मेची, कोशी र सरमाथा अञ्चलका साथै जनकपुर अञ्चलका धनुषा, महोत्तरी, सर्लाही र सिन्धुली जिल्लाहरूमा पर्ने क्याम्पसहरूको संचालनको जिम्मेवारी पूर्वाञ्चलको विश्वविद्यालयलाई दिन उचित हुने ।

१३. नेपालको स्वाभिमान र नेपाली जनताको प्रजाातान्त्रिक अधिकार एवम् आर्थिक विपन्नताबाट उन्मुक्तिका लागि आजीवन संघर्षरत रही जनआस्थाको अद्वितीय सम्मान प्राप्त गरी नेपालको परिचयात्मक, पर्यायका रूपमा विश्वप्रसिद्ध, गम्भीर अध्येता, महान् विचारक, नेपाली राजनीतिका केन्द्रबिन्दु, विख्यात साहित्य स्रष्टा, जनमनका नायक महामानव भूतपूर्व प्रधानमन्त्री श्री विश्वेश्वरप्रसाद कोइरालाको कर्मभूमी विराटनगरमा उहाँको स्मृतिमा विश्वविद्यालय स्थापना होस् भन्ने जनचाहना भएकाले एवम् महान व्यक्तित्वका स्मृतिमा विशेष कार्य गरिने परम्परा अन्य देशहरूमा समेत रहेको र उहाँजस्ता विलक्षण प्रतिभा कुवेर, सिद्धान्तनिष्ट, त्यागी र यस शताब्दीको अनन्य नेपाली व्यक्तित्वको कीर्तिआलोकबाट मुलुकलाई उत्प्रेरित गर्दै लैजानाले हाम्रो भविष्यलाई सुदृढ र सक्षम बनाउन सकिने समेत विचारबाट पूर्वाञ्चलको विराटनगरमा स्थापना हुने विश्वविद्यालयको नाम "श्री विश्वेश्वरप्रसाद कोइराला विश्वविद्यालय" राख्नु उपयुक्त हुने ।

मिति : २०४८।५।१३

प्रस्तोता,

(नारायणप्रसाद कोइराला)
अध्यक्ष
प्रस्तावित विश्वेश्वरप्रसाद कोइराला विश्वविद्यालय
प्रबन्ध समिति, विराटनगर

अनुसूची–१३

श्री ५ को सरकार

# शिक्षा तथा संस्कृति मन्त्रालय

(..................................शाखा)

संकेत नं.- केशर महल

प्राप्त पत्र संख्या र मितिः- च. नं. ११४८ काठमाडौं, नेपाल ।

मितिः २०४९।५।२६

विषयः मनोनयन गरिएको ।

श्री नारायणप्रसाद कोइराला

वार्ड नं. १२, वि. न. पा.

पूर्वाञ्चल क्षेत्रको मोरङ्गमा विश्वविद्यालय स्थापना गर्ने सम्बन्धमा संभाव्यता अध्ययन गरी शिक्षा तथा संस्कृति मन्त्रालयमा प्रतिवेदन पेश गर्न २०४९।५।२४ को निर्णयानुसार गठित कार्यटोलीमा यहाँको मनोनयन भएको व्यहोरा जानकारी एवं आवश्यक कार्यको लागि अनुरोध छ। कार्यटोलीको संरचना निम्नानुसार भएको समेत अनुरोध छ ।

कार्यटोली

| | | |
|---|---|---|
| १. | श्री नारायणप्रसाद कोइराला<br>वार्ड नं. १२, वि.न.पा. | - अध्यक्ष |
| २. | डा. मधुनिधि तिवारी<br>प्रतिनिधि, त्रि. वि. वि. | - सदस्य |
| ३. | श्री भोलाप्रसाद लोहनी<br>प्रतिनिधि, शिक्षा तथा संस्कृति मन्त्रालय | - सदस्य |
| ४. | श्री देवेन्द्र अग्रवाल<br>वार्ड नं. ८, वि.न.पा. | - सदस्य |
| ५. | प्रा. गोपालबहादुर कार्की<br>वार्ड नं. ६, वि.न.पा. | - सदस्य |
| ६. | क्याम्पस प्रमुख, मोरङ डिग्री कालेज | - सदस्य |
| ७. | प्रा. भेषप्रसाद धमला<br>वार्ड नं. ४, वि.न.पा. | - सदस्य-सचिव |

## अनुसूची–१४

**प्रस्तावित पूर्वाञ्चल विश्वविद्यालय कार्य समितिको प्रतिवेदन २०४९ का सारांश र सुझावहरू**

१. विराटनगरमा विश्वविद्यालयको स्थापनाका लागि विगतमा लामो समयदेखि प्रयास भै रहेको थियो । यस प्रयासमा उच्चशिक्षा प्रदान गर्ने कालेजहरूको स्थापना र तिनको स्थायित्व एवं सम्बर्धन गराउने भौतिक एवं आर्थिक आधारका लागि जन सहभागिता परिचालन गरिएको र त्यसमा श्री ५ को सरकार एवं त्रिभुवन विश्वविद्यालयबाट महत्वपूर्ण योगदान भएको थियो । यति हुँदाहुँदै पनि विश्वविद्यालय स्थापना गर्न गराउन गरिएका प्रयासहरू भने निष्फल बने ।

२. प्रजातन्त्रको पुनर्वहालीले विराटनगरमा विश्वविद्यालयको स्थापना गर्ने प्रयासलाई पुनः जागृत गरायो । पूर्वाञ्चलमा विश्वविद्यालय स्थापनाको निमित्त यथेष्ट पूर्वाधारहरू र संभाव्यता रहेको तथ्य श्री ५ को सरकार समक्ष प्रष्टिई सकेको छ ।

३. उच्च शिक्षाका अवसरहरूलाई विकेन्द्रित गर्न र उच्च शिक्षाको क्षेत्रमा प्रतिस्पर्धात्मक वातावरणको सृजना गरी उच्चशिक्षाको गुणात्मक विकासमा महत्वपूर्ण योगदान पुऱ्याउनका निमित्त पूर्वाञ्चल र पश्चिमाञ्चलमा यथाशिघ्र विश्वविद्यालय खोल्नु आवश्यक छ भनी राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०४९ ले उल्लेख गरको छ ।

४. राष्ट्रिय शिक्षा नीतिको परिधिभित्र रही प्रस्तावित पूर्वाञ्चल विश्वविद्यालयको स्थापना ज्ञान-विज्ञानको अन्तर्राष्ट्रिय स्तर, राष्ट्रिय आकांक्षा र विकासको आवश्यकता अनुरूप हुनेछ । यस विश्वविद्यालयले विशिष्टीकरणलाई प्राथमिकता दिँदै देशको विकासका निम्ति आवश्यक ज्ञान-विज्ञानको शिक्षालाई जोड दिनेछ ।

५. यस विश्वविद्यालयको संस्थापन सम्बन्धित ऐन अन्तरगत हुनेछ । ऐन, नियम र विनियम बमोजिम यसले आफ्ना अंग प्रत्यंगहरूको स्वरूप र संगठनको व्यवस्था मिलाउनेछ ।

६. प्रस्तावित पूर्वाञ्चल विश्वविद्यालयको केन्द्रीय परिसर मोरङ्को विराटनगर वा आसपासको क्षेत्रमा स्थापित हुनेछ । यस विश्वविद्यालयको कार्यक्षेत्र सामान्यत: पूर्वाञ्चल क्षेत्र नै हुनेछ । यसले देशका अन्य भागमा पनि आवश्यकता अनुसार आफ्ना शैक्षिक कार्यक्रमहरू विस्तार गर्न सक्नेछ ।

७. पूर्वाञ्चल क्षेत्रमा संचालित त्रिभुवन विश्वविद्यालयका आंगिक क्याम्पसहरू यस विश्वविद्यालयका आंगिक क्याम्पस र निजी क्षेत्रका क्याम्पसहरू सम्बन्धन प्राप्त क्याम्पस हुनेछन् । यस अतिरिक्त प्रस्तावित विश्वविद्यालयले विभिन्न स्थलमा आंगिक क्याम्पसहरू, संस्थाहरू र विभिन्न शैक्षिक कार्यक्रमहरू संचालन गर्न सक्नेछ ।

८. यस विश्वविद्यालयको नामकरण जनआकांक्षा समेतलाई ध्यानमा राखी कुनै ख्याति प्राप्त राष्ट्रिय व्यक्तित्वको नाममा हुनु उचित हुनेछ ।

९. विश्वविद्यालय सभा, कार्यकारी परिषद्, प्राज्ञिक परिषद्, साधन स्रोत परिषद्, सेवा आयोग र अन्तर्गत निकाय, संकाय आदि र क्याम्पसहरूको समग्र रूप नै विश्वविद्यालयको संस्थागत स्वरूप हुनेछ । ज्ञान-विज्ञानको दृष्टिले अन्तर्राष्ट्रिय स्वरूप प्राप्त गरेको विश्वविद्यालयको रूपमा ख्याति आर्जन गर्नेतर्फ यो विश्वविद्यालय उन्मुख रहनेछ । क्रियात्मक दृष्टिले यो विश्वविद्यालय शिक्षण गर्ने गराउने, सम्बन्धन दिने र अनुसन्धान गर्ने गराउने कार्यमा संलग्न राष्ट्रिय स्वरूपको विश्वविद्यालय हुनेछ ।

१०. विश्वविद्यालयका नीति, योजना र कार्यक्रम निर्धारण तथा नियम, विनियम आदिको व्यवस्थाका लागि सर्वोच्च निकायका रूपमा विश्वविद्यालय सभा रहनेछ ।

११. विश्वविद्यालय सभाको निर्णय र निर्देशनलाई कार्यान्वयन गर्नु गराउनुका साथै सभाले प्रत्यायोजन गरेको अन्य कार्यहरू समेत गर्न गराउनका लागि कार्यकारी परिषद्को व्यवस्था हुनेछ ।

१२. यस विश्वविद्यालयको एक प्रमुख अंगका रूपमा प्राज्ञिक परिषद् रहनेछ। यस परिषद्ले विश्वविद्यालयको प्राज्ञिक स्तर एवं शैक्षिक कार्यक्रम सम्बन्धी सिद्धान्त, योजना र नीतिका बारेमा विश्वविद्यालय सभामा सिफारिश प्रस्तुत गर्नेछ।

१३. विश्वविद्यालयलाई आवश्यक पर्ने आर्थिक, साधन स्रोत परिचालन गर्ने सम्बन्धमा नीति, योजना र कार्यक्रम निर्धारण गरी विश्वविद्यालय सभामा सिफारिश प्रस्तुत गर्ने र साधन स्रोत परिचालन गर्न उत्तरदायित्वपूर्ण भूमिका निर्वाह गर्नका निमित्त साधन स्रोत परिषद् रहनेछ।

१४. शिक्षक र कर्मचारीहरूको छनौट र पदोन्नतिका निमित्त सिफारिश गर्न सेवा आयोगको व्यवस्था आवश्यक छ।

१५. विश्वविद्यालयमा पठनपाठन हुने विषयहरूको विभाग निर्धारण र संबन्धित पाठ्यक्रम एवं परीक्षाको स्तरमा सामञ्जस्यता स्थापित गर्न विद्यापरिषद् रहनेछ।

१६. प्रत्येक विषयहरूको तहगत शैक्षिक कार्यक्रम र तत्सम्बन्धी पाठ्यक्रमको निर्धारण; पुनरावलोकन, संशोधन र सम्बर्धनको सिफारिश गर्ने निर्णय बमोजिम पठनपाठन गराउने उत्तरदायित्व विषय समितिहरूमा हुनेछ।

१७. तहगत पठन पाठनको कार्यक्रम संचालन गर्ने गराउने उत्तरदायित्व संस्थान, क्याम्पस र कालेजहरूको हुनेछ।

१८. क्याम्पसहरूमा प्रत्येक विषयसँग सम्बन्धित शिक्षण समितिहरू रहनेछन्।

१९. विश्वविद्यालयमा कार्य सम्पादनका निमित्त पदाधिकारीवर्ग, शिक्षकवर्ग र कर्मचारीवर्गको आवश्यकतानुसार व्यवस्था गर्नु पर्नेछ।

२०. ज्ञान-विज्ञानको क्षेत्रमा भएको विकासलाई ध्यानमा राखी गुणात्मक स्तरको अभिवृद्धिमा विश्वविद्यालयले विशेष जोड दिनेछ।

२१. विश्वविद्यालय संचालनका लागि सरकारी अनुदानमा भरपर्ने बानीलाई क्रमश: कम गर्दै अन्य स्रोत परिचालन गरी आत्मनिर्भरता प्राप्त गर्ने व्यवस्था मिलाउनु आवश्यक छ ।

२२. विश्वविद्यालयका आर्थिक स्रोतहरू मुख्यत: श्री ५ को सरकार एवम् अन्य संस्थाहरूबाट प्राप्त अनुदान र ऋण, व्यक्तिगत चन्दा सहयोग, संस्थागत, व्यवस्था (शिक्षा विकास समिति, उच्च शिक्षा ट्रष्ट आदि) बाट परिचालित सहयोग, विद्यार्थीबाट प्राप्त शुल्क एवम् अन्य सेवा शुल्क, वैदेशिक स्रोतबाट प्राप्न अनुदान, आदि हुनेछन् ।

२३. विश्वविद्यालयले शिक्षक र कर्मचारीहरूको सेवा, शर्त र तत्सम्बन्धी नियम र विनियमको व्यवस्था गर्नेछ । सेवा, शर्त र संबन्धित नियम विनियमको व्यवस्था नहुञ्जेल त्रि.वि. मा भएको व्यवस्था बमोजिम हुनेछ ।

२४. यस विश्वविद्यालयको ऐन जारी भै सो बमोजिम केन्द्रीय पदाधिकारीको नियुक्ति तथा विश्वविद्यालय सभाको गठन भएपछि विधिवत् रूपमा विश्वविद्यालयको स्थापना भएको मानिनेछ । तत्पश्चात् यथोचित समयभित्र विश्वविद्यालयका नियम र विनियमहरूको व्यवस्था र अंग-प्रत्यंगहरूको गठन गरिनेछ ।

२५. पूर्वाञ्चल क्षेत्रका क्याम्पसहरू यस विश्वविद्यालय अन्तरगत संचालित हुनेछन् ।

२६. यस विश्वविद्यालयको कार्यक्षेत्रमा पर्ने त्रि. वि. का आंगिक क्याम्पसहरू त्रि.वि. सँगको समझदारीको आधारमा यस विश्वविद्यालयको सभाले निर्णय गरेअनुसार यस विश्वविद्यालयमा हस्तान्तरित हुनेछन् ।

२७. त्रि.वि. क्याम्पसहरू हस्तान्तरण भएपछि ती क्याम्पसहरूले त्रि.वि. मार्फत श्री ५ को सरकार र अन्य स्रोतबाट पाइरहेको अनुदान र सहुलियतहरू पनि यस विश्वविद्यालयमा स्वत: हस्तान्तरण गरिनेछ ।

२८. आर्थिक दृष्टिले यो विश्वविद्यालय आत्मनिर्भर नबनुन्ज्याल विश्वविद्यालयको केन्द्रीय प्रशासनको संचालन र अन्य आवश्यक व्यवस्थाका निमित्त पनि श्री ५ को सरकारले अनुदान उपलब्ध गराउनु पर्नेछ ।

२९. यस विश्वविद्यालयको आफ्नो नियम, विनियम, सेवाशर्त, पाठ्यक्रम आदिको व्यवस्था नगरून्ज्याल त्रि.वि. कै व्यवस्थालाई अनुकरण गर्नेछ ।

३०. त्रि.वि. अन्तरगत कार्यरत रहेका आवश्यक शिक्षक र कर्मचारीहरू यस विश्वविद्यालयले तत्काल काजमा लिनेछ । त्रि.वि. सेवाबाट आवश्यक शिक्षक कर्मचारीहरूको सेवा यस विश्वविद्यालयको सेवामा परिणत गर्दा सम्बन्धित व्यक्तिलाई विकल्प रोज्ने अवसर दिंदै दक्ष र सक्षम व्यक्तिहरूलाई प्राथमिकता दिइनेछ । यस विश्वविद्यालयमा सेवा परिवर्तन गर्दा शिक्षक र कर्मचारीको सेवालाई अविछिन्न मानिनेछ र निजहरूले खाइपाई आएको शर्त सुविधालाई कम गरिने छैन ।

३१. उच्च शिक्षाको क्षेत्रमा प्रमुख दायित्व बोकेको त्रिभुवन विश्वविद्यालयले देशमा थप विश्वविद्यालयहरूको स्थापनामा सहयोगात्मक भूमिका खेल्ने नीति लिनु आवश्यक छ । तदनुसार यस विश्वविद्यालयको स्थापनाका लागि त्रि.वि. ले सहयोगात्मक तवरले सक्रियताका साथ क्रियाशील रहनु बांछनीय छ ।

३२. “सामान्यतया: उच्च शिक्षा क्षेत्रमा सरकारी अनुदान हाम्रो जस्तो विकासोन्मुख देशमा अपरिहार्य छ ।” “उच्च शिक्षा क्षेत्रमा देखिएको विद्यार्थी भर्ना चाप र अन्य शैक्षणिक तथा प्रशासनिक समस्याहरू समाधान गर्नका निमित्त अरू थप विश्वविद्यालयहरू स्थापना गर्न उच्च शिक्षा क्षेत्रमा अझ बढी रकम लगानी गर्नु पर्ने स्थिति स्पष्टै छ ।” राष्ट्रिय शिक्षा आयोग प्रतिवेदन २०४९ को पेज नं. ५१ र १४७ मा उल्लिखित यी वाक्यहरूले लक्ष्य गरे जस्तै यस विश्वविद्यालयको स्थापना र संचालनमा सरकारी अनुदान परमावश्यक रहे पनि विश्वविद्यालयले सरकारी अनुदान माथिको निर्भरतालाई क्रमश: कम गर्दै लैजाने नीति लिनेछ । यसका निमित्त वैदेशिक सहायता र जन सहभागिता परिचालनमा विश्वविद्यालयले जोड दिनेछ । जबसम्म जन सहभागिता पर्याप्त मात्रामा परिचालन

हुँदैन तबसम्म विश्वविद्यालय आर्थिक रूपले सरकारी अनुदान र वैदेशिक सहायतामा बढी मात्रामा निर्भर हुन बाध्य हुनेछ । जनसहभागिता परिचालन गर्नका लागि विश्वविद्यालय विकास समिति वा उच्च शिक्षा विकास ट्रष्ट जस्तो संस्थागत व्यवस्थाको भूमिका उल्लेखनीय हुने हुँदा यस सन्दर्भमा श्री ५ को सरकारले उपयुक्त नीति लिनु पर्दछ ।

३३. यस क्षेत्रका जिल्ला विकास समिति, नगरपालिका, गाउँ विकास समिति, व्यापारिक र औद्योगिक संघ सस्था आदि पनि विश्वविद्यालयको स्थापना र विकासका निमित्त सालवसाली रूपमा आर्थिक सहयोग पुऱ्याउने नीति लिनु आवश्यक छ ।

३४. विश्वविद्यालय कर (विशेष गरी आयात, निर्यात व्यापारमा) बिगहट्टी असुली आदिले विश्वविद्यालयलाई सुदृढ आर्थिक आधारशिला प्रदान गरी विश्वविद्यालयको भौतिक विकास र सुसंचालनमा महत्वपूर्ण योगदान दिने हुँदा श्री ५ को सरकारले यस दिशातर्फ सोचाई लिनु पर्ने देखिन्छ ।

३५. यस विश्वविद्यालयले चरणबद्ध विकासको नीति लिनु उपयुक्त हुनेछ । जस अनुसार मुख्यतः प्रथम चरणमा नियम, विनियमको व्यवस्था गर्ने, अंग प्रत्यंगहरूको गठन गर्ने, त्रिभुवन विश्वविद्यालयसँग समभ्रूदारी कायम गरी आफ्नो कार्यक्षेत्रभित्रका क्याम्पसहरूको हस्तान्तरण प्रक्रियाको निर्धारण गर्ने र क्याम्पसहरू हस्तगत गर्ने कार्य गर्नु उचित हुनेछ । दोस्रो चरणमा क्याम्पसहरूको सुसंचालन र गुणात्मक विकासमा जोड दिनु उपयुक्त देखिन्छ । तेस्रो चरणमा विराटनगर वा आसपासको क्षेत्रमा विश्वविद्यालयको परिसर निर्माण सुसम्पन्न गर्ने र चौथो चरणमा देशको आवश्यकता अनुरूप सीपमूलक एवम् प्राविधिक विषयहरूमा उच्च अध्ययन गर्ने अवसरहरूको विकासमा जोड दिने र विश्वविद्यालयलाई विशिष्टिकरणतर्फ उन्मुख गराउने नीति लिनु वेश हुनेछ ।

३६. पदाधिकारी, अंग-प्रत्यंग, निकाय र संकायहरूको दृष्टिले यस विश्वविद्यालयको सँगठनात्मक स्वरूप अनुसूची-१५ मा देखाए बमोजिमको हुनेछ ।

३७. संसदको यसै हिउँदे सत्रमा (अनुसुची-१६) प्रस्तुत गरी यथाशिघ्र यस विश्वविद्यालय सम्बन्धी ऐन जारी गर्नु आवश्यक छ। तत्पश्चात् विश्वविद्यालयका पदाधिकारीहरूको नियुक्ति र विश्वविद्यालय सभाको गठन गरी आगामी शैक्षिक सत्रदेखि पठनपाठन र परीक्षा संचालन गर्ने गरी विधिवत् रूपमा विश्वविद्यालयको स्थापना गर्नु जरूरी छ।

३८. विस्तृत रूपमा कार्य योजना बनाई विश्वविद्यालयले कार्यारम्भ गर्नु उचित हुनेछ। कार्य योजना तर्जुमाको सन्दर्भमा यस प्रतिवेदनमा उल्लेखित कुराहरूलाई विशेष ध्यान दिनु उपयुक्त हुनेछ।

३९. विश्वविद्यालयको कार्यक्षेत्रभित्र रहेका र विश्वविद्यालयलाई आवश्यक पर्ने श्री ५ को सरकारको स्वामित्वमा भएका तर प्रयोगमा नरहने भवन जग्गा जमीन एवम् अन्य सामग्रीहरू यस विश्वविद्यालयलाई हस्तान्तरण गर्ने नीतिले विश्वविद्यालयको विकासमा ठूलो योगदान पुऱ्याउने छ ।

४०. माथि जेसुकै लेखिएको भएतापनि त्रि.वि. सँग सम्बन्धित कुराहरूमा त्रि.वि. को सम्बन्धित निकायबाट समेत तत्सम्बन्धी निर्णय भएपश्चात् मात्र लागू गर्ने नीति लिनु उपयुक्त हुनेछ ।

४१. निजी क्याम्पसको सम्बन्धमा त्रि.वि. सँग नै सम्बन्धन कायम राख्ने वा प्रस्तावित विश्वविद्यालयसँग सम्बन्धन राख्ने भन्ने बारे सम्बन्धित क्याम्पसलाई नै विकल्प छान्न दिने नीति उपयुक्त हुने देखिन्छ ।

# अनुसूची–१५

प्रस्तावित पूर्वाञ्चल विश्वविद्यालय कार्य समितिले मिति: २०४९।८।११ मा गठन गरेका उप-समितिहरूको विवरण-

**(क) साधन स्रोत परिचालन उप- समिति**

१. श्री मार्कण्डेय आचार्य - संयोजक
२. श्री सभापति, मोरंग जिल्ला विकास समिति - सदस्य
३. श्री प्रमुख, विराटनगर नगर पालिका - सदस्य
४. श्री सभापति, मोरंग उद्योग संघ - सदस्य
५. श्री सभापति, मोरंग व्यापार संघ - सदस्य
६. श्री मदनलाल अग्रवाल - सदस्य
७. श्री मनोजप्रसाद उपाध्याय - सदस्य
८. श्री किशनलाल अग्रवाल - सदस्य
९. श्री दिनेश गोल्छा - सदस्य
१०. श्री गंगाविशन राठी - सदस्य
११. श्री शिवप्रसाद रिजाल - सदस्य
१२. श्री खड्गबहादुर कार्की - सदस्य
१३. श्री ध्रुवकुमार थापा - सदस्य
१४. श्री ज्ञानचन्द दुगढ - सदस्य
१५. श्री ज्वालाप्रसाद पोखरेल - सदस्य

**(ख) प्रस्तावित विधेयक मसौदा उप-समिति**

१. श्री विश्वेश्वरप्रसाद रिजाल - संयोजक
२. श्री विपुलेन्द्र चक्रवर्ती - सदस्य
३. श्री ध्रुवनारायणलाल - सदस्य
४. श्री शिवमगन गुरुङ्ग - सदस्य
५. श्री चन्द्रमणि न्यौपाने - सदस्य

(ग) <u>सुझाव संकलन उप-समिति</u>

| | |
|---|---|
| १. श्री बैजनाथ थपलिया | - संयोजक |
| २. श्री गुणराज ढुङ्गेल | - सदस्य |
| ३. श्री तोरेन्द्रमानसिंह प्रधान | - सदस्य |
| ४. श्री राजेन्द्रप्रसाद गुप्ता | - सदस्य |
| ५. श्री ध्रुव क्षेत्री | - सदस्य |
| ६. श्री घनश्यामलाल दास | - सदस्य |
| ७. श्री प्रमोदकुमार झा | - सदस्य |
| ८. श्री निर्मल अधिकारी | - सदस्य |
| ९. श्री कालिकुमारलाल | - सदस्य |
| १०. श्री ठाकुरदेव ढुङ्गेल | - सदस्य |
| ११. श्री कुमारबहादुर श्रेष्ठ | - सदस्य |
| १२. श्री खडगबहादुर कार्की | - सदस्य |

(घ) <u>प्रतिवेदन मसौदा उप-समिति:</u>

| | |
|---|---|
| १. प्रा. श्री राजकुमार पोखरेल | - संयोजक |
| २. श्री कविराज न्यौपाने | - सदस्य |
| ३. डा. श्रीमती मीनाक्षी नेपाल | - सदस्य |
| ४. श्री मुकुन्दप्रसाद दाहाल | - सदस्य |
| ५. श्री कुमारप्रसाद कोइराला | - सदस्य |

## अनुसूची–१६

### २०४९।१०।१५ श्री ५ को सरकारद्वारा गठित १७ सदस्यीय समिति

१. श्री नारायणप्रसाद कोइराला - अध्यक्ष
२. श्री भोलाप्रसाद लोहनी - शिक्षा मन्त्रालय प्रतिनिधि
३. डा. मधुनिधि तिवारी - त्रि. वि. प्रतिनिधि
४. श्री कुलशेखर अधिकारी - क्या. प्र., स्नातकोत्तर क्याम्पस
५. श्री हरिलालसिंह - सभापति, मोरङ जि.वि.स.
६. श्री अशोक कोइराला - प्रमुख, वि.न.न.पा.
७. श्री गोपालकुमार कार्की
८. श्री देवेन्द्रकुमार अग्रवाल
९. श्री राजकुमार पोखरेल
१०. श्री मार्कण्डेय आचार्य
११. डा. श्रीमती मीनाक्षी नेपाल
१२. श्री शिवप्रसाद रिजाल
१३. श्री मदनलाल अग्रवाल
१४. श्री हुलासचन्द गोल्छा
१५. श्री तोलाराम दुगड
१६. श्री महेन्द्रनारायण दास - क्या. प्र., म.मो.आ.व. क्या., विराटनगर
१७. डा. भेषप्रसाद धमला - सदस्य सचिव

## अनुसूची–१७

### २०४९।१०।१५ श्री ५ को सरकारद्वारा गठित उच्चस्तरीय तयारी समिति

| | | |
|---|---|---|
| १. | श्री महेश आचार्य | -संयोजक |
| २. | सञ्चार राज्यमन्त्री | -संदस्य |
| ३. | सांसद भरतमोहन अधिकारी | -संदस्य |
| ४. | सांसद श्यामलाल तावेदार | -संदस्य |
| ५. | सांसद आमोदप्रसाद उपाध्याय | -संदस्य |
| ६. | जि. वि. स. सभापति, मोरंग | -संदस्य |
| ७. | जि. वि. स. सभापति, सुनसरी | -संदस्य |
| ८. | श्री नारायणप्रसाद कोइराला | -संदस्य |
| ९. | क्याम्पस प्रमुख, म. मो. आ. व. क्याम्पस, विराटनगर | -संदस्य |
| १०. | प्रमुख, विराटनगर नगरपालिका | -संदस्य |
| ११. | प्रमुख, धरान नगरपालिका | -संदस्य |
| १२. | प्रमुख, इनरुवा नगरपालिका | -संदस्य |
| १३. | अध्यक्ष, मोरंग व्यापार सघि | -संदस्य |
| १४. | अध्यक्ष, सुनसरी उद्योग संगठन | -संदस्य |
| १५. | पूवाञ्चल क्षेत्रीय शिक्षा निर्देशक | -संदस्य सचिव |

## अनुसूची–१८

**श्री ५ को सरकार**
# प्रधानमन्त्रीको कार्यालय

काठमाडौं, नेपाल

**प्रधानमन्त्री**

२०५३।१।३

श्री उपकुलति
पूर्वाञ्चल विश्वविद्यालय,
विराटनगर ।

पूर्वाञ्चल विश्वविद्यालय सञ्चालन गर्न गराउन बनेको ऐन २०५२ मा व्यवस्था भएका निकायहरू विश्वविद्यालय सभा, कार्यकारी परिषद्, प्राज्ञिक परिषद् आदिबाट अनुमोदन गर्ने गराउने गरी विश्वविद्यालय सञ्चालनकालागि गर्नुपर्ने आवश्यक कार्यहरू गर्न गराउन निर्देशन गरिएको छ ।

बोधार्थः-
श्री शिक्षा मन्त्रालय,
केशरमहल, काठमाडौं ।

(शेरबहादुर देउवा)
प्रधानमन्त्री

मुद्रकः इन्दु ग्राफिक प्रिन्टर्स, विराटनगर-१७, फोन नं. २५४९५